# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

| वर्ष-४, अङ्क-२३ (१५७ औं शृङ्खला) | अवधिः पुष ११-१७ सम्म | मितिः पुष ११, २०८२ |
|---|---|---|

**गत हप्ता (पुष ४-१०, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको तथा तराईका भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली रहेको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-७.२ डिग्री सेल्सियस) र कास्की जिल्लाको मालेपाटन केन्द्रमा सबैभन्दा बढी तापक्रम (२२.३ डिग्री सेल्सियस) मापन भएको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको तथा तराई भू-भागमा हल्का घटेको र प्रदेशभर न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लागी मध्यान्नबाट सुधार हुँदै गएको।

**आगामी हप्ता (पुष ११-१७, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिक बदलीदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर एक-दुई स्थान तथा साताको मध्यमा थोरै स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भु-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने मध्यान्नसम्म रहने सम्भावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिक बदलीदेखि | | साताभर एक-दुई स्थान र साताको मध्यमा थोरै स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | साधारणतया बदलीको सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- गहुँ छरेको २१-२५ दिन भएमा पहिलो सिँचाइको व्यवस्था मिलाउनुहोस्।
- आलुमा डढुवा रोग नियन्त्रणका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- सुन्तलामा फल कुहाउने औंसाको प्रकोप नियन्त्रण गर्न विशेष ध्यान दिनुहोस्।
- हिउँदे फलफूलको बेर्ना रोप्नको लागि कृषि प्राविधिकको सल्लाह बमोजिम रेखाङ्कन गरी आवश्यक खाडलको तयारी एवम् गुणस्तरीय विरुवाको प्रवन्ध गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।

- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।
- उच्च पहाडी र हिमाली क्षेत्रमा क्लोभर, राईग्रास, कोते लगाउनुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- गहुँ छरेको २१-२५ दिन भएमा पहिलो सिँचाइको व्यवस्था मिलाउनुहोस् र सिँचाइपछि नाइट्रोजनयुक्त मल (युरिया) को सिफारिस मात्राको एक तिहाई भाग (३.६ केजी) प्रति रोपनीका दरले टपड्रेस गर्नुहोस्।
- गहुँमा सुक्ष्म खाद्यतत्वहरुको कमिको कारणले बालामा दाना नलाग्ने हुँदा युरिया, डीएपी र पोटासका साथै बोरोन र सल्फरको पनि सन्तुलित प्रयोग गर्नुहोस्।गहुँ छर्ने समयमा बोरोन प्रयोग नभएको भएमा र कमीको लक्षण देखिएमा ०.१% को बोरेक्सको घोल, ०.३% को बोरिक एसिडको घोल बनाएर गहुँ छरेको ५५-६० दिनमा छर्कनुहोस्। सल्फरको कमी देखिएमा गाँज हाल्ने समय र बाला निस्कने समयमा २ केजी एमोनियम सल्फेट प्रति रोपनीको दरले छर्नुहोस्।
- तोरी बाली फुलिरहेको अवस्थामा रोगकिराको प्रकोप देखिएर विषादी छर्कनु परेमा दिउँसो २ बजेपछि समयमा मात्र छर्कनुहोस्। फुल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।
- तराई, मध्य पहाड, बेसींमा लगाईएको आलुका बोटहरु २०-२५ सेमी अग्ला भएको भए माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ गरिसकेपछि ४.४ केजी प्रति रोपनीका दरले युरिया टपड्रेस गरी पहिलो उकेरा दिनुहोस्। उकेरा दिँदा त्यान्द्रामा चोटपटक नलाग्ने गरी ड्याङको बीचमा खनी माटो चढाउनुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।

- तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
- वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
- दिउँसो बादल वा कुहिरो लाग्नु
- छिनछिनमा पानी पर्नु
- रातमा अत्यधिक मात्रामा शीत पर्नु
- हल्का हावा चल्नु।




चित्र १: आलुमा पछौटे डढुवाको लक्षण

➢ आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्ः

- डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने गर्ने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार हुन गई रोग फैलने अनुकूल वातावरण हुन पाउँदैन।
- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

➢ हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.स | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ दर/रोपनी |
|---|---|---|---|---|
| १ | केराउ (थाँक्रा चाहिने) | सिक्किमे | ७५*७५ | १.५ केजी |
| २ | केराउ (थाँक्रा नचाहिने) | सर्लाही आर्केल, आर एस २१०० | ६०*३० | २ केजी |
| ३ | बकुल्ला सिमी | स्थानीय जात | ६०*३० | ३ केजी |
| ४ | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| ५ | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ६ | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ७ | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ८ | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ९ | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |

➢ पछौटे जातका काउली (डोल्पा स्नोबल, स्नो मिस्टिक, स्नो ग्रेस), बन्दा (ग्रीन कोरोनेट) ब्रोकाउली (ग्रीन स्प्राउटिङ, सेन्टाउरो, साकुरा) को नर्सरी राख्ने व्यवस्था मिलाउनुहोस्। तयारी बेर्ना ६० सेमी × ४५ सेमीको दुरीमा रोप्नुहोस्।

➢ प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

➢ गोलभैंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- केही स्थानमा गोलभेडामा ब्याक्टेरियल ओईले रोग (Bacterial Wilt) को संक्रमण देखिएकोले यसको व्यवस्थापनका लागि तपसिल बमोजिमका उपायहरू अवलम्बन गर्नुहोस्:
- खेतबारीको नियमित अवलोकन गर्नुहोस्,
- यदि १–२ वटा बिरुवामा मात्र रोग देखिएको छ र रोगको प्रकोप फैलिएको छैन भने ती रोगी बिरुवा हटाएर नष्ट गर्नुहोस्,

- यदि रोग फैलिने क्रममा छ भने स्ट्रेप्टोमाईसिन र टेट्रासाईक्लिन सल्फेट (Streptomycin+ Tetracycline Sulphate) १० लिटर पानीमा १ मिलिलिटर को दरले मिसाएर पुरै बोट भिज्ने गरी १/१ हप्ताको अन्तरमा ३ पटक छर्कनुहोस्।

गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।
- सुन्तलाजात फलफूल टिप्ने समय भएकोले बोटको सुरक्षामा ध्यान दिई फललाई सुरक्षित तवरले टिप्नुहोस्।
- सुन्तला/निबुवा/जुनारको फल झर्नुको कारण औंसा किरा हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।
- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।
- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।
- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- स्याउ लगायत अन्य हिउँद फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १

घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद) को काँटछाँट गर्ने समय भएकाले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डो पेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँट गरी निस्केका क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्।चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्।मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- तापक्रम घट्दो क्रममा भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसम सुरु भएसँगै ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- हाल दिन छोटो हुने रात लामो हुने भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।
- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस

रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०%एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं २ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीँ झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेँडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- हिउँदे घाँस छरेको ३०-३५ दिनमा सिँचाइ गरी प्रति रोपनी ३० केजीको दरले युरिया टप-ड्रेस गर्नुहोस्।

- उच्च पहाडी र हिमाली क्षेत्रमा क्लोभर, राईग्रास, कोते लगाउनुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।

- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी

गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | गोविन्द पाण्डे | वरिष्ठ कृषि विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन |
| ५. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ६. | डा. राजेश चौधरी | पशु चिकित्सक | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |
| १०. | आविष्कार पोखरेल | मत्स्य विज्ञ | मत्स्य विकास केन्द्र, मिर्मी |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-२४ (१५८ औं शृङ्खला) | अवधिः पुष १८-२४ सम्म | मितिः पुष १८, २०८२

**गत हप्ता (पुष ११-१७, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य तथा अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। तराईका भू-भागमा साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदली रहेको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-८.२ डिग्री सेल्सियस) र बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा बढी तापक्रम (२३.० डिग्री सेल्सियस) मापन भएको। अधिकतम तापक्रम हिमाली/उच्च पहाडी भू-भागमा उल्लेखनीय परिवर्तन नभएको, पहाडी तथा तराई भू-भागमा हल्का घटेको। प्रदेशभर न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लागी मध्यान्नबाट सुधार हुँदै गएको।

**आगामी हप्ता (पुष १८-२४, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार** | **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** | **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यातया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थान तथा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानी पख हल्का हुस्सु/कुहिरो लाग्ने र मध्यान्नसम्म रहने सम्भावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक | | साताको सुरुमा थोरै तथा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बदलीको सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- गहुँ छरेको २१-२५ दिन भएमा पहिलो सिँचाइको व्यवस्था मिलाउनुहोस्।
- आलुमा डढुवा रोग नियन्त्रणका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- सुन्तलामा फल कुहाउने औंसाको प्रकोप नियन्त्रण गर्न विशेष ध्यान दिनुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।

- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- गहुँ छरेको २१-२५ दिन भएमा पहिलो सिँचाइको व्यवस्था मिलाउनुहोस् र सिँचाइपछि नाइट्रोजनयुक्त मल (युरिया) को सिफारिस मात्राको एक तिहाई भाग (३.६ केजी) प्रति रोपनीका दरले टपड्रेस गर्नुहोस्।
- गहुँमा सुक्ष्म खाद्यतत्वहरुको कमिको कारणले बालामा दाना नलाग्ने हुँदा युरिया, डीएपी र पोटासका साथै बोरोन र सल्फरको पनि सन्तुलित प्रयोग गर्नुहोस्। गहुँ छर्ने समयमा बोरोन प्रयोग नभएको अवस्थामा र कमीको लक्षण देखिएमा ०.१% को बोरेक्सको घोल, ०.३% को बोरिक एसिडको घोल बनाएर गहुँ छरेको ५५-६० दिनमा छर्कनुहोस्। सल्फरको कमी देखिएमा गाँज हाल्ने समय वा बाला निस्कने समयमा २ केजी एमोनियम सल्फेट प्रति रोपनीको दरले छर्नुहोस्।
- तोरीबालीमा लाही किरा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।
- तराई, मध्य पहाड, बेसींमा लगाईएको आलुको बोट २०-२५ सेमी अग्ला भएको भए माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ गरिसकेपछि ४.४ केजी प्रति रोपनीका दरले युरिया टपड्रेस गरी पहिलो उकेरा दिनुहोस्। उकेरा दिँदा त्यान्द्रामा चोटपटक नलाग्ने गरी ड्याङको बीचमा खनी माटो चढाउनुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।

- तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
- वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
- दिउँसो बादल वा कुहिरो लाग्नु
- छिनछिनमा पानी पर्नु
- रातमा अत्यधिक मात्रामा शीत पर्नु
- हल्का हावा चल्नु।



चित्र १: आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्:
- डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने गर्ने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार हुन गई रोग फैलने अनुकूल वातावरण हुन पाउँदैन।
- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

- हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.सं. | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ दर/रोपनी |
|---|---|---|---|---|
| १ | केराउ (थाँक्रा चाहिने) | सिक्किमे | ७५*७५ | १.५ केजी |
| २ | केराउ (थाँक्रा नचाहिने) | सर्लाही आर्केल, आर एस २१०० | ६०*३० | २ केजी |
| ३ | बकुल्ला सिमी | स्थानीय जात | ६०*३० | ३ केजी |
| ४ | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| ५ | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ६ | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ७ | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ८ | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ९ | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |

- पछौटे जातका काउली (डोल्पा स्नोबल, स्नो मिस्टिक, स्नो ग्रेस), बन्दा (ग्रीन कोरोनेट) ब्रोकाउली (ग्रीन स्प्राउटिङ, सेन्टाउरो, साकुरा) को नर्सरी राख्ने व्यवस्था मिलाउनुहोस्। तयारी बेर्ना ६० सेमी × ४५ सेमीको दुरीमा रोप्नुहोस्।

- प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी

छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूल टिप्ने समय भएकोले बोटको सुरक्षामा ध्यान दिई फललाई सुरक्षित तवरले टिप्नुहोस्।

- सुन्तला/निबुवा/जुनारको फल झर्नु औंसा किराको कारणले पनि हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपिष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपिष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १

घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद) को काँटछाँट गर्ने समय भएकाले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डो पेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्।चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्।मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- तापक्रम घट्दो क्रममा भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- जाडो मौसम सुरु भएसँगै ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- हाल दिन छोटो हुने रात लामो हुने भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट

(standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाखा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०%एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

• बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
• सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
• बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित

खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  - रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीँ झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भैंडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- हिउँदे घाँस छरेको ३०-३५ दिनमा सिँचाइ गरी प्रति रोपनी ३० केजीको दरले युरिया टप-ड्रेस गर्नुहोस्।

- जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु

स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले पशुवस्तुलाई संरक्षण गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी खुवाई न्यानो बनाई राख्नुहोस्।
- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।
- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।
- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।
- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।
- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म

पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | बालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन |
| ५. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ६. | डा. राजेश चौधरी | पशु चिकित्सक | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-२५ (१५९ औं शृङ्खला) अवधिः पुष २५-माघ १ सम्म मितिः पुष २५, २०८२

**गत हप्ता (पुष १८-२४, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात भएको। मुस्ताङ जिल्लाको लेते केन्द्रमा सबैभन्दा बढी वर्षा (०.७ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१२.० डिग्री सेल्सियस) र बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा बढी तापक्रम (२३.६ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको। हिमाली/उच्च पहाडी भू-भागमा न्यूनतम तापक्रम हल्का घटेको र पहाडी तथा तराई भू-भागमा उल्लेखनीय परिवर्तन नभएको। साताभर पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

**आगामी हप्ता (पुष २५-माघ ०१, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने र मध्यान्नसम्म रहने सम्भावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक | | साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बदलीको सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- आलुमा डढुवा रोग नियन्त्रणका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- आलु बालीमा त्यान्द्रा तथा दानाको विकास हुने बेलामा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइको प्रवन्ध गर्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- गहुँमा सुक्ष्म खाद्यतत्वहरुको कमिको कारणले बालामा दाना नलाग्ने हुँदा युरिया, डीएपी र पोटासका साथै बोरोन र सल्फरको पनि सन्तुलित प्रयोग गर्नुहोस्। गहुँ छर्ने समयमा बोरोन प्रयोग नभएको अवस्थामा र कमीको लक्षण देखिएमा ०.१% को बोरेक्सको घोल, ०.३% को बोरिक एसिडको घोल बनाएर गहुँ छरेको ५५-६० दिनमा छर्कनुहोस्। सल्फरको कमी देखिएमा गाँज हाल्ने समय वा बाला निस्कने समयमा २ केजी एमोनियम सल्फेट प्रति रोपनीको दरले छर्नुहोस्।

- तोरीबालीमा लाही किरा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रबन्ध गर्नुहोस्।

- तराई, मध्य पहाड, बेसींमा लगाईएको आलुको बोट २०-२५ सेमी अग्ला भएको भए माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ गरिसकेपछि ४.४ केजी प्रति रोपनीका दरले युरिया टपड्रेस गरी पहिलो उकेरा दिनुहोस्। उकेरा दिँदा त्यान्द्रामा चोटपटक नलाग्ने गरी ड्याङको बीचमा खनी माटो चढाउनुहोस्।

- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।
  - तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
  - वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
  - दिउँसो बादल वा कुहिरो लाग्नु
  - छिनछिनमा पानी पर्नु
  - रातमा अत्यधिक मात्रामा शीत पर्नु
  - हल्का हावा चल्नु।



चित्र १: आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्:
  - डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
  - स्थान अनुसार उपयुक्त समय भित्र लगाउने।

- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार भई रोग फैलिने अनुकूल वातावरण हुन पाउँदैन।
- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

- आलु बालीमा त्यान्द्रा (stolen) तथा दाना (tuber) को विकास हुने वेलामा माटोमा चिस्यानको कमी भएमा आलुको दानाको वृद्धि विकासमा असर पर्ने भएकोले चिस्यानको अवस्था हेरी सिँचाइको प्रवन्ध गर्नुहोस्।
- 
- हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.सं. | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ दर/रोपनी |
|---|---|---|---|---|
| १ | केराउ (थाँक्रा चाहिने) | सिक्किमे | ७५*७५ | १.५ केजी |
| २ | केराउ (थाँक्रा नचाहिने) | सर्लाही आर्केल, आर एस २१०० | ६०*३० | २ केजी |
| ३ | बकुल्ला सिमी | स्थानीय जात | ६०*३० | ३ केजी |
| ४ | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| ५ | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ६ | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ७ | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ८ | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ९ | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |

- पछौटे जातका काउली (डोल्पा स्नोबल, स्नो मिस्टिक, स्नो ग्रेस), बन्दा (ग्रीन कोरोनेट) ब्रोकाउली (ग्रीन स्प्राउटिङ, सेन्टाउरो, साकुरा) को नर्सरी राख्ने व्यवस्था मिलाउनुहोस्। तयारी वेर्ना ६० सेमी × ४५ सेमीको दुरीमा रोप्नुहोस्।

- प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूल टिप्ने समय भएकोले बोटको सुरक्षामा ध्यान दिई फललाई सुरक्षित तवरले टिप्नुहोस्।

- सुन्तला/निबुवा/जुनारको फल झर्नु औंसा किराको कारणले पनि हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १

घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने समय भएकाले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डो पेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्।चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्।मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- तापक्रम घट्दो क्रममा भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसम सुरु भएसँगै ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- हाल दिन छोटो हुने रात लामो हुने भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट

(standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र साललाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०%एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित

खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेबिज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- बङ्गुरमा “अफ्रिकन स्वाईन फिभर” रोगको संक्रमण नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  - रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीँ झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भैंडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।

- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।

- कमन कार्प माछाको प्रजनन् नजिकिँदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | बासुदेव रेग्मी | बाली विकास विज्ञ/(प्रदेश सचिव) | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ५. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ६. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ७. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

| वर्ष-४, अङ्क-२६ (१६० औं शृङ्खला) | अवधिः माघ २-८ सम्म | मितिः माघ २, २०८२ |
|---|---|---|

**गत हप्ता (पुष २५-माघ ०१, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१०.० डिग्री सेल्सियस) र नवलपरासी (ब.स.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (२४.० डिग्री सेल्सियस) मापन भएको। अधिकतम तापक्रम प्रदेशभर उल्लेखनीय परिवर्तन नभएको र न्यूनतम तापक्रम हिमाली/उच्च पहाडी भू-भागमा हल्का बढेको तथा पहाडी तथा तराई भू-भागमा उल्लेखनीय परिवर्तन नभएको। साताभर पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

**आगामी हप्ता (माघ ०२-०८, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरुमा मौसम मुख्यातया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रहने सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्रमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लागी मध्यान्नसम्म रहने सम्भावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का वर्षा/हिमपातको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया | | साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बदली रहने सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली, साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रहने सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको मध्य तथा अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने सम्भावना रहेको | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- आलुमा डढुवा रोग नियन्त्रणका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- आलु बालीमा त्यान्द्रा तथा दानाको विकास हुने बेलामा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइको प्रवन्ध गर्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- गहुँमा सुक्ष्म खाद्यतत्वहरुको कमिको कारणले बालामा दाना नलाग्ने हुँदा युरिया, डीएपी र पोटासका साथै बोरोन र सल्फरको पनि सन्तुलित प्रयोग गर्नुहोस्।गहुँ छर्ने समयमा बोरोन प्रयोग नभएको अवस्थामा र कमीको लक्षण देखिएमा ०.१% को बोरेक्सको घोल, ०.३% को बोरिक एसिडको घोल बनाएर गहुँ छरेको ५५-६० दिनमा छर्कनुहोस्। सल्फरको कमी देखिएमा गाँज हाल्ने समय वा बाला निस्कने समयमा २ केजी एमोनियम सल्फेट प्रति रोपनीको दरले छर्नुहोस्।

- गहुँबालीमा झारनाशक विषादीको प्रयोग गरी झारको व्यवस्थापन गर्नुपरेमा मेट्रीब्युजिन (७० % डब्लुपी) ०.५ केजी प्रति हेक्टरको दरमा ५०० देखि ७०० लिटर पानीमा मिसाएर छर्कनुहोस्। विषादी छर्कदा खेतमा चिस्यानको मात्रा यथेष्ठ हुनुपर्दछ।

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्। ठूलो परिमाणमा बीउ आवश्यक परेमा बीउविजन गुणस्तर नियन्त्रण केन्द्रको DESIS सफ्टवयरमा आफुलाई आवश्यक जातको परिमाणको माग पेस गर्नुहोस्।

- तोरीबालीमा लाही किरा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।

- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।
  - तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
  - वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
  - दिउँसो बादल वा कुहिरो लाग्नु
  - छिनछिनमा पानी पर्नु
  - रातमा अत्यधिक मात्रामा शीत पर्नु
  - हल्का हावा चल्नु।

 

चित्र नं. १ः आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्:
  - डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको

खेती गर्ने।

- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार भई रोग फैलिने अनुकूल वातावरण हुन पाउँदैन।
- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

➢ आलु बालीमा त्यान्द्रा (stolon) तथा दाना (tuber) को विकास हुने वेलामा माटोमा चिस्यानको कमी भएमा आलुको दानाको वृद्धि विकासमा असर पर्ने भएकोले चिस्यानको अवस्था हेरी सिँचाइको प्रवन्ध गर्नुहोस्।

➢ हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.सं. | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ/बेर्ना दर प्रति रोपनी |
|---|---|---|---|---|
| १. | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| २. | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ३. | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ४. | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ५. | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ६. | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |
| ७. | स्वीसचार्ड | सुसाग | ४५*३० | ३५००-४००० बेर्ना |

➢ पछौटे जातका काउली (डोल्पा स्नोबल, स्नो मिस्टिक, स्नो ग्रेस), बन्दा (ग्रीन कोरोनेट) ब्रोकाउली (ग्रीन स्प्राउटिङ, सेन्टाउरो, साकुरा) को तयारी वेर्ना ६० सेमी × ४५ सेमीको दुरीमा रोप्नुहोस्।

➢ प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

➢ गोलभेँडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

➢ गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

➢ कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै

हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूल टिप्दा बोटको सुरक्षामा ध्यान दिई फललाई सुरक्षित तवरले टिप्नुहोस्।
- सुन्तला/निबुवा/जुनारको फल झर्नु औंसा किराको कारणले पनि हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।
- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।
- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय भएकाले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डो पेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको बट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- तापक्रम घट्दो क्रममा भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसम सुरु भएसँगै ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- हाल दिन छोटो हुने रात लामो हुने भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।
- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |

| | |
|---|---|
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- ➢ जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- ➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- ➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- ➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाख्रा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- ➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- ➢ जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

- ➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- ➢ हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।

- ➢ पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।
- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।
- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।
- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।
- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | डा. राजेश कुमार चौधरी | पशु चिकित्सक | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-२७ (१६१ औं शृङ्खला) अवधिः माघ ९-१५ सम्म मितिः माघ ९, २०८२

## गत हप्ता (माघ ०२-०८, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। तराई भू-भागमा साताभर मौसम मुख्यातया सफादेखि आंशिक बदली भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१०.० डिग्री सेल्सियस) र नवलपरासी (ब.स.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (२५.५ डिग्री सेल्सियस) मापन भएको। अधिकतम तापक्रम हिमाली/उच्च पहाडी भू-भागमा हल्का घटेको, पहाडी तथा तराई भू-भागमा उल्लेखनीय परिवर्तन नभएको र न्यूनतम तापक्रम प्रदेशभर उल्लेखनीय परिवर्तन नभएको। साताभर पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्र र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

## आगामी हप्ता (माघ ०९-१५, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरूः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरु र मध्यमा साधारणतयादेखि पूर्ण बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिक बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र मध्यमा धेरै स्थान, साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरू र मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। तराई भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर खोंच तथा नदी तटीय क्षेत्रमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने र तराई भू-भागमा बिहानीपख हल्का हुस्सु/कुहिरो लागी मध्यान्नसम्म रहने सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का घट्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का वर्षा/हिमपातको सम्भावना रहेको | हल्का घट्ने | हल्का घट्ने | साताको सुरु र मध्यमा साधारणतयादेखि पूर्ण बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको | | साताको सुरू र मध्यमा धेरै स्थान र साताको अन्त्यमा थोरै स्थानमा मेघ गर्जन/ चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षाको सम्भावना रहेको | हल्का घट्ने | हल्का घट्ने | साताको सुरु र मध्यमा साधारणतयादेखि पूर्ण बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघ गर्जन चट्याङ र नदी तटीय क्षेत्र र खोंचमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको सुरू र मध्यमा थोरै स्थानमा र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन चट्याङ सहितको हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का वर्षाको सम्भावना रहेको | हल्का घट्ने | हल्का घट्ने | साताको सुरु र मध्यमा आंशिक बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफा देखि आंशिक बदलीको सम्भावना रहेको | बिहानी पख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- आलु बालीमा त्यान्द्रा तथा दानाको विकास हुने बेलामा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइको प्रबन्ध गर्नुहोस्।
- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- गहुँबालीमा झारनाशक विषादीको प्रयोग गरी झारको व्यवस्थापन गर्नुपरेमा मेट्रीब्युजिन (७० % डब्लुपी) ०.५ केजी प्रति हेक्टरको दरमा ५०० देखि ७०० लिटर पानीमा मिसाएर छर्कनुहोस्। विषादी छर्कदा खेतमा चिस्यानको मात्रा यथेष्ठ हुनुपर्दछ।

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रबन्ध गर्नुहोस्। ठूलो परिमाणमा बीउ आवश्यक परेमा बीउविजन गुणस्तर नियन्त्रण केन्द्रको DESIS सफ्टवयरमा आफुलाई आवश्यक जातको परिमाणको माग पेस गर्नुहोस्।

- तोरीबालीमा लाही किरा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।

- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।
- तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
- वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
- दिउँसो बादल वा कुहिरो लाग्नु
- छिनछिनमा पानी पर्नु
- रातमा अत्यधिक मात्रामा शीत पर्नु
- हल्का हावा चल्नु।



चित्र नं. १ः आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्ः
- डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार भई रोग फैलिने अनुकूल वातावरण हुन पाउँदैन।
- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे

गर्ने।

- आलु बालीमा त्यान्द्रा (stolon) तथा दाना (tuber) को विकास हुने वेलामा माटोमा चिस्यानको कमी भएमा आलुको दानाको वृद्धि विकासमा असर पर्ने भएकोले चिस्यानको अवस्था हेरी सिँचाइको प्रवन्ध गर्नुहोस्।

- हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.सं. | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ/बेर्ना दर प्रति रोपनी |
|---|---|---|---|---|
| १. | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| २. | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ३. | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ४. | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ५. | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ६. | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |
| ७. | स्वीसचार्ड | सुसाग | ४५*३० | ३५००-४००० बेर्ना |

- पछौटे काउली, ब्रोकाउली, बन्दाका तयारी बेर्ना ६० सेमी × ४५ सेमी दुरीमा रोप्नुहोस्।

- प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूल टिप्दा बोटको सुरक्षामा ध्यान दिई फललाई सुरक्षित तवरले टिप्नुहोस्।

- सुन्तला/निबुवा/जुनारको फल झर्नु औंसा किराको कारणले पनि हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको बट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- हाल तापक्रम कम भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसम सुरु भएसँगै ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- हाल दिन छोटो र रात लामो भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।
- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |

| कुकुर र बिरालो | रेबिज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |
|---|---|

➢ जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।

➢ पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।

- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | डा. राजेश कुमार चौधरी | पशु चिकित्सक | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ८. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-२८ (१६२ औं शृङ्खला) अवधिः माघ १६-२२ सम्म मितिः माघ १६, २०८२

**गत हप्ता (माघ ०९-१५, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर साधारणतयादेखि पूर्ण बदली भएको। पहाडी तथा तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा साधारणतयादेखि पूर्ण बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको मध्यमा केही स्थान, पहाडी भू-भागको एक-दुई स्थान र प्रदेशका अधिकांश स्थानमा साताको अन्त्यमा हल्का वर्षा/हिमपात भएको। नवलपरासी (ब.स.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी वर्षा (९.० मिलिमिटर) मापन भएको। साताभर पहाडी भू-भागमा खोंच तथा नदी तटीय क्षेत्रमा बिहानीपख र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-११.० डिग्री सेल्सियस) र तनहुँ जिल्लाको दमौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (२४.० डिग्री सेल्सियस) मापन भएको। अधिकतम तापक्रम प्रदेशभर हल्का घटेको र न्यूनतम तापक्रम हिमाली/उच्च पहाडी भू-भागमा हल्का घटेको तथा पहाडी र तराईका भू-भागमा उल्लेखनीय परिवर्तन नभएको।

**आगामी हप्ता (माघ १६-२२, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा साधारणतयादेखि पूर्ण बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र अन्त्यमा एक-दुई स्थान र साताको मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। पहाडी भू-भागका नदी तटीय क्षेत्र र खोंचहरुमा बिहानीपख हल्का हुस्सु/कुहिरोसहित तराई भू-भागमा बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. | हल्का वर्षा/हिमपातको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा साधारणतयादेखि पूर्ण बदलीको | | साताको सुरू र अन्त्यमा एक-दुई स्थान र साताको मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | का उत्तरी भेग) | | | | सम्भावना रहेको | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा साधारणतयादेखि पूर्ण बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचहरुमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम काँटछाँट बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- खुर फाटेका जनावरहरुमा खोरेत रोग लाग्न नदिन खोरेत विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- गहुँबालीमा झारनाशक विषादीको प्रयोग गरी झारको व्यवस्थापन गर्नुपरेमा मेट्रीब्युजिन (७० % डब्लुपी) ०.५ केजी प्रति हेक्टरको दरमा ५०० देखि ७०० लिटर पानीमा मिसाएर छर्कनुहोस्। विषादी छर्कदा खेतमा चिस्यानको मात्रा यथेष्ठ हुनुपर्दछ।

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्। ठूलो परिमाणमा बीउ आवश्यक परेमा बीउविजन गुणस्तर नियन्त्रण केन्द्रको DESIS सफ्टवयरमा आफुलाई आवश्यक जातको परिमाणको माग पेस गर्नुहोस्।

- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानहरूमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस् ।

- तोरीबालीमा लाही किरा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।

- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।
- तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
- वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
- दिउँसो बादल वा कुहिरो लाग्नु
- छिनछिनमा पानी पर्नु
- रातमा अत्यधिक मात्रामा शीत पर्नु
- हल्का हावा चल्नु।



चित्र नं. १ः आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्ः
- डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार भई रोग

फैलिने अनुकूल वातावरण हुन पाउँदैन।

- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

➢ अगौटे आलु लगाई आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि आलु खन्न भन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

➢ हिउँदे तरकारी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउ दर र दुरीमा रोप्नुहोस्।

| क्र.सं. | बाली | जात | लगाउने दुरी (सेमी) | बीउ/बेर्ना दर प्रति रोपनी |
|---|---|---|---|---|
| १. | पालुङ्गो | हरिपाते, पाटने | १५*२-३ | ८००-१००० ग्राम |
| २. | गाजर | न्यू कुरोडा, नान्टिस फोर्ट | २०*१० | २०० ग्राम |
| ३. | चम्सुर | ठिमी चम्सुर | १५*२-३ | ८००-१००० ग्राम |
| ४. | चुकन्दर | मधुर | ४०*१० | २०० ग्राम |
| ५. | सलगम | पर्पल टप, काठमाण्डौ रातो | ३०*२० | १०० ग्राम |
| ६. | मूला | टोकिनासे | ३०*२० | ४००-६०० ग्राम |
| ७. | स्वीसचार्ड | सुसाग | ४५*३० | ३५००-४००० बेर्ना |

➢ पछौटे काउली, ब्रोकाउली, बन्दाका तयारी बेर्ना ६० सेमी × ४५ सेमी दुरीमा रोप्नुहोस्।

➢ प्याजको बेर्ना लगाउने समय भएकोले तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्।

➢ स्क्वास, काक्रो लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्। यदि बिरूवा उम्रिसकेको छ भने दिनको समयमा प्लास्टिक उघार्ने र रातको समयमा प्लास्टिकले छोप्ने गर्नुहोस्।

➢ गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

➢ गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

➢ कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तला/निबुवा/जुनारको फल झर्नु औँसा किराको कारणले पनि हुनसक्ने भएकोले झरेका फललाई तुरुन्तै सङ्कलन गरी कालो प्लाष्टिक वा गार्भेज प्लाष्टिक ब्यागमा हावा नछिर्ने गरी बन्द गरेर राख्नुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपिष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपिष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपिष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविंगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। चिसो बढ्दै गएकाले मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- हाल तापक्रम कम भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- हाल दिन छोटो र रात लामो भएकोले अण्डा उत्पादनका लागि पालिएका लेयर्स कुखुरालाई कम्तीमा १६ घण्टासम्म प्रकाशको व्यवस्थापन गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।
- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

| | |
|---|---|
| कुकुर र बिरालो | रेबिज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  - रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।

- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।

- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ८. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

| वर्ष-४, अङ्क-२९ (१६३ औं शृङ्खला) | अवधिः माघ २३-२९ सम्म | मितिः माघ २३, २०८२ |
|---|---|---|

**गत हप्ता (माघ १६-२२, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली, पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। तराई भू-भागमा साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात भएको। मुस्ताङ जिल्लाको लेते केन्द्रमा फाटफुट वर्षा/हिमपात भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१३.५ डिग्री सेल्सियस) र नवलपरासी जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (२६.५ डिग्री सेल्सियस) मापन भएको। हिमाली र तराई भू-भागमा अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको र पहाडी भू-भागमा हल्का बढेको तथा प्रदेशभर न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको। पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्रमा साताभर विहानीपख एकछिन र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

**आगामी हप्ता (माघ २३-२९, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली, पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र अन्त्यमा एक-दुई स्थान र साताको मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्यमा थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागका नदी तटीय क्षेत्र र खोंचहरुमा बिहानीपख एकछिन हल्का हुस्सु/कुहिरो सहित तराई भू-भागमा बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा अधिकतम र न्यूनतम तापक्रम उल्लेखनीय परिवर्तन नहुने तथा तराई भू-भागमा हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | साताको सुरू र अन्त्यमा एक-दुई स्थान र मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | का उत्तरी भेग) | | | | | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफा देखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा बिहानीपख एकछिन हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको मध्यमा थोरै स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम काँटछाँट, बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बाली:**

- गहुँबालीमा झारनाशक विषादीको प्रयोग गरी झारको व्यवस्थापन गर्नुपरेमा मेट्रीब्युजिन (७० % डब्लुपी) ०.५ केजी प्रति हेक्टरको दरमा ५०० देखि ७०० लिटर पानीमा मिसाएर छर्कनुहोस्। विषादी छर्कदा खेतमा चिस्यानको मात्रा यथेष्ट

हुनुपर्दछ।

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।
- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।
- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।
- तोरीबालीमा लाही किराको प्रकोप भएमा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।

- तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
- वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
- दिउँसो बादल वा कुहिरो लाग्नु
- छिनछिनमा पानी पर्नु
- रातमा अत्यधिक मात्रामा शीत पर्नु
- हल्का हावा चल्नु।




चित्र नं. १: आलुमा पछौटे डढुवाको लक्षण

- आलु बालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्:

- डढुवा अवरोधक वा सहन सक्ने आलुका जातहरु जस्तैः खुमल उपहार, खुमल उज्जवल, जनकदेव, खुमल विकासको खेती गर्ने।
- स्थान अनुसार उपयुक्त समय भित्र लगाउने।
- आलु रोप्दा सिफारिस गरिएको दुरीमा लगाउने जसले गर्दा विरुवाको तलको भागमा उचित मात्रामा वायु सञ्चार भई रोग फैलिने अनुकूल वातावरण हुन पाउँदैन।

- आलु रोप्दा र पछि उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।
- डढुवा रोगको लागि माथि उल्लिखित अनुकूल वातावरण हुनासाथ स्प्रीङ्कलर सिँचाइ बन्द गर्ने र मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रति लिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक स्प्रे गर्ने।
- रोग लाग्नसाथ डाइमेथोमर्फ (५०% डब्लुपी) विषादी १.५ ग्राम प्रति लिटर पानीमा मिसाएर सम्पूर्ण बोट भिज्ने गरी स्प्रे गर्ने।

➢ आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि आलु खन्न भन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

➢ प्याज लगाउन जमिनको तयारी गर्ने बेलामा २०-२५ डोको गोबर मल, १८ केजी डिएपी, ८ केजी पोटास र ५ केजी युरिया प्रयोग गर्नुहोस्। यसरी तयार गरेको जग्गामा प्याजको तयारी बेर्ना १५ सेमी × १० सेमीको दुरीमा रोप्नुहोस्। बेर्ना रोपेको ३० दिन पछि ५ केजी र ६० दिन पछि ५ केजी युरिया टपड्रेस गर्नुहोस्।

➢ लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग (purple scotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेब २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

➢ स्क्वास, काक्रो लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्। यदि बिरूवा उम्रिसकेको छ भने दिनको समयमा प्लास्टिक उघार्ने र रातको समयमा प्लास्टिकले छोप्ने गर्नुहोस्।

➢ लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

➢ पछौटे मूला (टोकिनासे तथा अन्य सुचिकृत जातहरु) प्रति रोपनी ४००-६०० ग्राम बीउ व्यवस्थापन गरी ३० सेमी × २० सेमी दुरीमा रोप्नुहोस्।

➢ गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

➢ गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३

लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।
- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।
- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।
- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- हाल तापक्रम कम भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- जाडो मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।
- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।
- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोगगरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |

| | |
|---|---|
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  - रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाखा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।

- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।

- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।

- कमन कार्प माछाको प्रजनन् नजिकिदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।

- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३० (१६४ औं शृङ्खला)    अवधिः फागुन ०१-०७ सम्म    मितिः फागुन ०१, २०८२

## गत हप्ता (माघ २३-२९, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली, पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्यमा आंशिकदेखि साधारणतया बदली रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा र साताको मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको भएको। पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षा भएको। मुस्ताङ जिल्लाको लेते केन्द्रमा सबैभन्दा धेरै वर्षा (१४.८० मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-९.५ डिग्री सेल्सियस) र बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा बढी तापक्रम (२८.५ डिग्री सेल्सियस) मापन भएको। हिमाली र तराई भू-भागमा अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको र पहाडी भू-भागमा हल्का बढेको तथा प्रदेशभर न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको। पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्रमा बिहानीपख एकछिन र तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

## आगामी हप्ता (फागुन ०१-०७, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरूः शुक्रबार, शनिबार    साताको मध्यः आइतबार, सोमबार र मंगलबार    साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र अन्त्यमा थोरै स्थान तथा साताको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागका नदी तटीय क्षेत्र र खोंचहरु बिहानीपख एकछिन हल्का हुस्सु/कुहिरो, तराई भू-भागमा बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा अधिकतम तापक्रम उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको तथा पहाडी र तराई भू-भागमा हल्का बढ्ने सम्भावना रहेको। प्रदेशभर न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | साताको सुरु र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्यमा | साताको सुरू र अन्त्यमा थोरै स्थान तथा मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताको सुरु र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | नदी तटीय क्षेत्र र खोंचमा बिहानीपख एकछिन हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको सुरु र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम काँटछाँट, बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।
- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।
- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।
- तोरीबालीमा लाही किराको प्रकोप भएमा व्यवस्थापनका लागि फ्लोनिकामिड (५०% डब्लुडिजी) १ ग्राम प्रति ३ लिटर पानीको दरले मिसाएर बेलुका ३ बजेपछि मात्र छर्कनुहोस्। फूल फुल्ने समयमा माटोमा चिस्यानको यथेष्ठ प्रवन्ध गर्नुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने र चाँडो फैलिने सम्भावना रहन्छ।
  - तापक्रमः अधिकतम (२० डिग्री सेल्सियस)
  - वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)
  - दिउँसो बादल वा कुहिरो लाग्नु
  - छिनछिनमा पानी पर्नु
  - रातमा अत्यधिक मात्रामा शीत पर्नु
  - हल्का हावा चल्नु।




चित्र नं. १: आलुमा पछौटे डढुवाको लक्षण

- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि आलु खन्न भन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

- प्याज लगाउन जमिनको तयारी गर्ने बेलामा २०-२५ डोको गोबर मल, १८ केजी डिएपी, ८ केजी पोटास र ५ केजी युरिया प्रयोग गर्नुहोस्। यसरी तयार गरेको जग्गामा प्याजको तयारी बेर्ना १५ सेमी ×१० सेमीको दुरीमा रोप्नुहोस्। बेर्ना रोपेको ३० दिन पछि ५ केजी र ६० दिन पछि ५ केजी युरिया टपड्रेस गर्नुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- स्क्वास, काक्रो लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्। यदि बिरूवा उम्रिसकेको छ भने दिनको समयमा प्लास्टिक उघार्ने र रातको समयमा प्लास्टिकले छोप्ने गर्नुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- पछौटे मूला (टोकिनासे तथा अन्य सुचिकृत जातहरु) प्रति रोपनी ४००-६०० ग्राम बीउ व्यवस्थापन गरी ३० सेमी × २० सेमी दुरीमा रोप्नुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति

लिटर पानीमा घोलेर छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन

मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको व्यवस्था मिलाउनुहोस् ।

- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल ल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- हाल तापक्रम कम भएकोले भर्खर जन्मिएका बाच्छाबाच्छी, पाठापाठीमा निमोनिया, छेरौटे जस्ता समस्याहरु देखिने हुँदा गोठ तथा खोरमा हावा आवतजावत हुने गरी त्रिपाल वा बोराहरु टाँगेर न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- जाडो मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोत: पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुर्‍याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाख्रा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय

समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसका पात झर्ने समय भएकोले स्याउलाको लागि काटिने डाले घाँसमा विषालु किराहरु हुनसक्ने भएकोले पशुवस्तुलाई खुवाउनु अघि राम्ररी जाँच गरेर मात्र खुवाउनुहोस्।
- हिमाली क्षेत्रमा हिमपात तथा अत्यधिक चिसो बढेकाले घाँसलाई संरक्षण गरेर उत्पादन गरिएका हे, साईलेज तथा दाना, मनतातो पानी पशुवस्तुलाई खुवाई न्यानो बनाई राख्नुहोस्।
- पोखरीमा पानीको तापक्रम घट्ने भएको हुँदा २० डिग्री सेल्सियस भन्दा तल भएमा बोरिङको पानी थपेर पानीको गहिराई बढाउनुहोस्।
- चिसो मौसममा माछाको सक्रियता र दाना खाने दर कम हुने हुँदा दैनिक माछालाई दिने दानामा २५ देखि ३०% कम दाना दिनुहोस्।
- कमन कार्प माछाको प्रजनन नजिकिँदै गरेकोले माउको व्यवस्थापन कार्य थालनी गर्नुहोस्। माउ बनाउनका लागि चहकिलो, उज्यालो, फुर्तिलो, निरोगी र शुद्ध नश्लका निम्न उमेर र तौल अनुसारको माछालाई छनोट गरी माउ पोखरी राख्नुहोस्।

| उमेर (वर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन समय भएको हुँदा प्रजनन गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।
- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पोखरीको नियमित निरीक्षण गर्नुहोस्। यस अवधिमा माछा

सतहमा आएर मुख खोलेर प्याक–प्याक गरेको देखिएमा पानीमा घुलनशील अक्सिजनको कमी हुनसक्ने भएकोले यस अवस्थामा तुरुन्तै एरेटर सञ्चालन वा पोखरीमा ताजा पानी थपेर अक्सिजन स्तर सुधार गर्नुहोस्।

- माछाको वृद्धि दर न्यून हुने भएकाले बजारयोग्य तौल पुगेका माछालाई समयमै हार्भेस्ट गर्नुहोस्। साथै, सम्भव भएसम्म पोखरी सुकाई आगामी उत्पादन सिजनका लागि चुना तथा जैविक/रासायनिक मल प्रयोग गरी पोखरीको उचित तयारी गर्नुहोस्।
- आगामी साता हुस्सु तथा कुहिरो लाग्ने सम्भावना रहेकोले पानीमा घुलनशील अक्सिजनको स्तर घट्ने भएकाले सो अवधिमा जैविक मलको प्रयोग गर्दा त्यसको विघटन प्रक्रियामा अतिरिक्त अक्सिजन खपत हुने सम्भावना रहन्छ। त्यसैले, जाडो मौसममा जैविक मलको प्रयोग न्यूनतम मात्रामा सीमित गर्नुपर्ने वा आवश्यक परेमा मात्र सावधानीपूर्वक प्रयोग गर्नु उपयुक्त हुन्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| २. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | अनुपम उप्रेती | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३१ (१६५ औं शृङ्खला)    अवधिः फागुन ०८-१४ सम्म    मितिः फागुन ०८, २०८२

**गत हप्ता (फागुन ०१-०७, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रही तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र मध्यमा थोरै स्थानमा हल्का वर्षा/हिमपात भएको र पहाडी भू-भागका केही स्थानमा साताको मध्यमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यमा वर्षा भएको। स्याङ्जा जिल्लाको चापाकोट केन्द्रमा सबैभन्दा धेरै वर्षा (१९.८ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-९.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३०.० डिग्री सेल्सियस) मापन भएको। हिमाली भू-भागमा अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको तथा पहाडी र तराईका भू-भागमा हल्का बढेको। हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको तथा तराई भू-भागमा हल्का बढेको। पहाडी भू-भागको खोंच तथा नदी तटीय क्षेत्रमा साताको सुरु र मध्यमा बिहानीपख एकछिन र तराई भू-भागमा साताभर बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

**आगामी हप्ता (फागुन ०८-१४, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार**    **साताको मध्यः आइतबार, सोमबार र मंगलबार**    **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रहने तथा पहाडी भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र अन्त्यमा एक-दुई स्थान तथा साताको मध्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। तराई भू-भागमा बिहानी पख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा अधिकतम तापक्रम उल्लेखनीय परिवर्तन नहुने तथा पहाडी र तराई भू-भागमा हल्का बढ्ने र प्रदेशभर न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | साताको सुरू र अन्त्यमा एक-दुई स्थान तथा मध्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- स्क्वास लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राख्नुहोस्।
- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम काँटछाँट, बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- मकै लगाउने/छर्ने समय नजिक आएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।
- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस

गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।

- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।

- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।

- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि आलु खन्न भन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- स्क्वास, कांक्रो लगायतका लहरे तरकारी बालीको बेर्ना उत्पादन गर्न गुमोज बनाई नर्सरी राखुहोस्। यदि बिरूवा उम्रिसकेको छ भने दिनको समयमा प्लास्टिक उघार्ने र रातको समयमा प्लास्टिकले छोप्ने गर्नुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्को जेप ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी नर्सरीको वेर्ना कुहिने रोगको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटरको घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- सिमी, चौमासे, त्रिशुली तगायतका अन्य सुचीकृत जातको प्रति रोपनी १.५ केजीका दरले बीउ व्यवस्थापन गर्नुहोस्। तयारी जमिनमा ७५ सेमी × २५-३० सेमीको दरले रोप्नुहोस्।

- सिमीको स्केरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि ब्याक्टेरिया (शाकाणु) को संक्रमणबाट ग्रस्त सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुस अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।

- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर लैजाने व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- जाडो मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाखामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाखा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ जाडो मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीं झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाख्रा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ जाडो मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय

समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसका पात झर्ने समय भएकोले स्याउलाको लागि काटिने डाले घाँसमा विषालु किराहरु हुनसक्ने भएकोले पशुवस्तुलाई खुवाउनु अघि राम्ररी जाँच गरेर मात्र खुवाउनुहोस्।

- फाल्गुन—चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजनन्का लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी ५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२—१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०—३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। ।पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- फाल्गुन महिनामा तापक्रम बढ्न सुरु हुने भएकाले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो

पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| २. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | आविष्कार पोखरेल | मत्स्य विकास अधिकृत | मत्स्य विकास केन्द्र, मिर्मी |
| १०. | सुस्मिता कुँवर | बाली संरक्षण अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ११. | अनुपम उप्रेती | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३२ (१६६ औं शृङ्खला) | अवधिः फागुन १५-२१ सम्म | मितिः फागुन २१, २०८२

## गत हप्ता (फागुन ०८-१४, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः**हिमाली/उच्च पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रही पहाडी भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदली रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात भएको। पहाडी भू-भागका केही स्थानमा साताको मध्य र अन्त्यमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको। पर्वत जिल्लाको कुश्मा केन्द्रमा सबैभन्दा धेरै वर्षा (२१.६ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-७.५ डिग्री सेल्सियस) र बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा बढी तापक्रम (३०.४ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रम उल्लेखनीय परिवर्तन नभएको तथा प्रदेशभर न्यूनतम तापक्रम हल्का बढेको। तराई भू-भागमा साताभर बिहानीपख हुस्सु/कुहिरो लागि मध्यान्नसम्म रहेको।

## आगामी हप्ता (फागुन १५-२१, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरूमा केही तथा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने र तराई भू-भागमा बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताको सुरु र मध्यमा आंशिक देखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि | | साताको सुरूमा केही तथा मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षा/हिमपात को |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग) | | | | आंशिक बदलीको सम्भावना रहेको | | सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताको सुरु र मध्यमा आंशिक देखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | मेघगर्जन/चट्याङ तथा साताको सुरु र मध्यमा नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का हुस्सु/कुहिरो लाग्ने सम्भावना रहेको | साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको संभावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | |

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- आलु खन्दा र भण्डारण गर्दा जोताहा पुतलीको व्यवस्थापनमा चनाखो रहनुहोस्।
- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी सिफारिस जात रोप्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- मकै लगाउने/छर्ने समय भएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।
- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।
- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।
- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।
- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि र आलुको जोताहा किराको प्रकोप कम गर्नको लागि आलु खन्नभन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।
- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।
- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमी, चौमासे, त्रिशुली तगायतका अन्य सुचीकृत जातको प्रति रोपनी १.५ केजीका दरले बीउ व्यवस्थापन गर्नुहोस्। तयारी जमिनमा ७५ सेमी × २५-३० सेमीको दरले रोप्नुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका

दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।
- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।
- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोप्ने तयारी स्वरुप कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर *१ मिटर *१ मिटर) को खाडल खन्नुहोस् र विश्वासिलो श्रोत केन्द्रबाट आवश्यक गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय

सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको व्यवस्था मिलाउनुहोस् ।

- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर मात्र लैजाने व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- लामो समयसम्म वर्षा नभएकोले डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- यस मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु

सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने

उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।

- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ यस मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा, लमजुङ, तनहुँ र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोत: पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुर्‍याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।

- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीँ झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेंडा, बाख्रा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ डाले घाँसका पात झर्ने समय भएकोले स्याउलाको लागि काटिने डाले घाँसमा विषालु किराहरु हुनसक्ने भएकोले पशुवस्तुलाई खुवाउनु अघि राम्ररी जाँच गरेर मात्र खुवाउनुहोस्।

➢ फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजनन्का लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

➢ फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी

५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- फाल्गुन महिनामा तापक्रम बढ्न सुरु हुने भएकाले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।
- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ५. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ६. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ७. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ८. | डा. राजेश चौधरी | पशु चिकित्सक | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| १०. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ११. | अनुपम उप्रेती | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३३ (१६७ औं शृङ्खला) | अवधिः फागुन २२-२८ सम्म | मितिः फागुन २२, २०८२

**गत हप्ता (फागुन १५-२१, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको। तनहुँ जिल्लाको खैरेनीटार केन्द्रमा सबैभन्दा धेरै वर्षा (१०.५ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-४.२ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको केन्द्रमा सबैभन्दा बढी तापक्रम (३२.० डिग्री सेल्सियस) मापन भएको। पहाडी भू-भागको नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का हुस्सु/कुहिरो लागेको तथा तराई भू-भागमा बिहानीपख हुस्सु/कुहिरो लागी मध्यान्नसम्म रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढेको।

**आगामी हप्ता (फागुन २२-२८, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** | **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** | **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरूमा एक-दुई स्थान तथा साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरुमा एक-दुई स्थान तथा साताको मध्य र अन्त्यमा केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको। पहाडी भू-भागको नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का हुस्सु/कुहिरो र तराई भू-भागमा बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | साताको सुरूमा एक-दुई स्थान तथा साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग) | | | | | | को सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघ गर्जन/चटयाङ तथा साताको सुरु र मध्यमा नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का कुहिरो लाग्ने सम्भावना रहेको | साताको सुरुमा एक-दुई स्थान तथा साताको मध्य र अन्त्यमा केही स्थानमा मेघ गर्जन/ चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मुख्यतया सफा देखि आंशिक बदलीको सम्भावना रहेको | बिहानीपख लागेको हुस्सु/कुहिरो मध्यान्नसम्म रहने सम्भावना रहेको | साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- आलु खन्दा र भण्डारण गर्दा जोताहा पुतलीको व्यवस्थापनमा चनाखो रहनुहोस्।
- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी सिफारिस जात रोप्नुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- मकै लगाउने/छर्ने समय भएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।

- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको व्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।

- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।

- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि र आलुको जोताहा किराको प्रकोप कम गर्नको लागि आलु खन्नभन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेब २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको

पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमी, चौमासे, त्रिशुली तगायतका अन्य सुचीकृत जातको प्रति रोपनी १.५ केजीका दरले बीउ व्यवस्थापन गर्नुहोस्। तयारी जमिनमा ७५ सेमी × २५-३० सेमीको दरले रोप्नुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि

पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।
- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना रोपणका लागि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रवन्ध मिलाउनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।
- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न सुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।
- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।
- लामो समयसम्म वर्षा नभएकोले डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- यस मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने

उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।

- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ यस मौसम बसाईसराई गरेर आउने चराहरुबाट बर्डफ्लुको विषाणु सर्ने सम्भावना रहेको हुँदा त्यस्ता प्रकारका चराहरुलाई फार्ममा प्रवेश गर्न नदिन सावधानी अपनाउनुहोस्।

➢ बङ्गुरमा “अफ्रिकन स्वाईन फिभर” रोगको संक्रमण गोरखा, लमजुङ, तनहुँ र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं १ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुर्‍याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।

- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

➢ घुम्ती प्रणालीमा पालिएका उच्च हिमाली क्षेत्रबाट बेसीँ झरेका चौरीमा खोरेत, भ्यागुते र चरचरे तथा भेँडा, बाख्रा र च्याङ्ग्रामा पि.पि.आर विरुद्धको खोप लगाउनुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ डाले घाँसका पात झर्ने समय भएकोले स्याउलाको लागि काटिने डाले घाँसमा विषालु किराहरु हुनसक्ने भएकोले पशुवस्तुलाई खुवाउनु अघि राम्ररी जाँच गरेर मात्र खुवाउनुहोस्।

➢ फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजनन्का लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

➢ फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी

५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- फाल्गुन महिनामा तापक्रम बढ्न सुरु हुने भएकाले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।
- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रवर्द्धन केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३४ (१६८ औं शृङ्खला) अवधिः फागुन २९-चैत्र ०५ सम्म मितिः फागुन २९, २०८२

**गत हप्ता (फागुन २२-२८, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली र साताको अन्त्यमा साधारणतया बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको अन्त्यमा मेघगर्जन/ चट्याङसहित थोरै स्थानमा हल्कादेखि मध्यम, एक-दुई स्थानमा भारी, धेरै भारी वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरुमा एक-दुई स्थान, साताको मध्यमा केही स्थान र साताको अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको भने एक-दुई स्थानमा भारी वर्षा पनि भएको। तराई भू-भागमा साताको अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको थियो। लमजुङ जिल्लाको घारेढुङ्गा केन्द्रमा सबैभन्दा धेरै वर्षा (१०२.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१.७ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३४.० डिग्री सेल्सियस) मापन भएको। हिमाली/उच्च पहाडी, तराई भू-भागमा अधिकतम र न्यूनतम तापक्रम हल्का बढेको तथा पहाडी भू-भागमा उल्लेखनीय परिवर्तन नभएको। पहाडी भू-भागको नदी तटीय क्षेत्र र खोचमा बिहानीपख हल्का कुहिरो तथा तराई भू-भागमा बिहानीपख कुहिरो लागि मध्यान्नसम्म रहेको।

**आगामी हप्ता (फागुन २९-चैत्र ०५, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** प्रदेशमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरू र मध्यमा थोरै स्थान तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा केही स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको। पहाडी तथा तराई भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा हावाहुरी चल्ने सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी | हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | साताको सुरू र मध्यमा थोरै तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग) | | | | | | सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | साताको सुरु र मध्यमा एक-दुई स्थानमा हावहुरी सहित मेघ गर्जन/चट्याङ को सम्भावना रहेको | साताको सुरु र मध्यमा केही स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का वर्षाको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | साताको सुरु र मध्यमा एक-दुई स्थानमा हावहुरी सहित मेघगर्जन/चट्याङको सम्भावना रहेको | साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- बसन्ते मकै लगाउने समय भएकोले सिफारिस जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- आलु खन्दा र भण्डारण गर्दा जोताहा पुतलीको व्यवस्थापनमा चनाखो रहनुहोस्।
- लहरे तरकारी बालीमा क्षति पुऱ्याउने रातो खपटेको संख्या बढ्ने हुनाले नियमित अनुगमन गरी व्यवस्थापनका उपायहरु अवलम्वन गर्नुहोस्।
- मौरीघारको नियमित अनुगमन गरी रोग तथा शत्रुजीव व्यवस्थापन गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- जुनोटिक तथा प्राणघातक रेविज रोगबाट बच्न कुकुर बिरालोहरुलाई रेविज विरुद्ध खोप लगाउनुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- मकै लगाउने/छर्ने समय भएकोले समयमै गुणस्तरीय बीउको प्रवन्ध गर्नुहोस्।
- चैते धान लगाउने समय भएकोले नवलपरासी (ब.सु.पू.) लगायत अन्य जिल्लाका छिटो चैते धान रोप्ने स्थानमा सिफारिस गरिएको उन्नत जातको गुणस्तरीय बीउको ब्यवस्था तथा ब्याडमा बीउ छर्ने तयारीका लागि आवश्यक प्रबन्ध मिलाउनुहोस्।
- बसन्ते मकै लगाउने समय भएकोले ९०० मिटरसम्मको टार तथा बेसींको लागि अरुण-२, अरुण-४, रामपुर हाईब्रिड-१०, रामपुर हाईब्रिड-१२, रामपुर हाईब्रिड-१४, रामपुर हाईब्रिड-१६ जस्ता जातहरु, मध्य-पहाडका लागि मनकामना-३, मनकामना-५, मनकामना-६, मनकामना-७, मनकामना-९ र उच्च पहाडका लागि गणेश-२ जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइन लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।
- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।
- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।
- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि र आलुको जोताहा किराको प्रकोप कम गर्नको लागि आलु खन्नभन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।
- उच्च पहाडमा आलु लगाउने समय भएकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।
- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि धेरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।
- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।
- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।
- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।
- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |

| | | | | |
|---|---|---|---|---|
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुर्‍याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलहरु (नासपाती, आरु, आरुवखडा, हलुवाबेद, किवी) को काँटछाँट गर्ने उपयुक्त समय सकिन लागेकोले प्राविधिकको सल्लाह बमोजिम काँटछाँट गर्नुहोस्। काँटछाँटका क्रममा ठूला हाँगा हटाउँदा बोटमा भएका घाउहरुमा १०% को बोर्डोपेष्ट बनाई लगाउनुहोस् र काँटछाँट पश्चात १% को बोर्डोमिश्रण बोटका सबै हाँगा भिज्नेगरी स्प्रे गर्नुहोस्। काँटछाँटको क्रममा निस्कने हाँगाविँगा राम्रोसँग संकलन गरी जलाउनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको व्यवस्था मिलाउनुहोस् ।

- मौरीघारमा रानु भए नभएको नियमित अवलोकन गर्नुहोस् साथै रोग तथा सुलसुले लाग्न नदिन उपयुक्त व्यवस्थापनका उपायहरु अपनाउनुहोस्। मौरीलाई चिसोबाट बचाउन घारमा भएका छिद्रहरु टाल्नुहोस् र जुटको बोराले घारलाई राम्ररी ढाक्नुहोस्। मौरी चरनको लागि एक स्थानबाट अर्को स्थानमा लैजाँदा उपयुक्त भेन्टिलेसन मिलाएर मात्र लैजाने व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- लामो समयसम्म वर्षा नभएकोले डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- यस मौसममा ब्रोइलर र लेयर्स कुखुराहरुमा श्वासप्रश्वास सम्बन्धी रोगहरु र पेटमा पानी भरिने जस्ता समस्या देखिने हुँदा विशेष गरी रातको समयमा प्रशस्त मात्रामा हावा आवतजावत हुने गरी त्रिपाल, बोरा र ब्रुडर मेसीनहरुको प्रयोग गरेर खोरलाई न्यानो बनाउने व्यवस्था गर्नुहोस्।

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा

पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने

उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।

- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण गोरखा, लमजुङ, तनहुँ र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।

- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
- रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्यागनेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

➢ वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

➢ आगामी साता हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

➢ फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजनन्का लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| **उमेर (बर्ष)** | | **औषत तौल (केजी)** | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

| १-२ | २-३ | २-३ | ३-४ |
|---|---|---|---|
| | | | |

- फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी ५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ६. | शुष्मा मरहट्टा | बाली रोग विज्ञ | कृषि व्यवसाय प्रवर्द्धन, प्रशीक्षण तथा स्रोत केन्द्र, पोखरा |
| ७. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ८. | विष्णु भुसाल | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३५ (१६९ औं शृङ्खला) अवधिः चैत्र ०६-१२ सम्म मितिः चैत्र ०६, २०८२

**गत हप्ता (फागुन २९-चैत्र ०५, २०८२) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षा:** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। साताको सुरु र मध्यमा हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा मेघगर्जन/चटयाङसहित धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात भएको तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्का वर्षा/हिमपात भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा भएको। तनहुँ जिल्लाको बन्दीपुर केन्द्रमा सबैभन्दा धेरै वर्षा (३८.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.५ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३३.० डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रम उल्लेखनीय परिवर्तन नभएको र न्यूनतम तापक्रम हल्का घटेको।

**आगामी हप्ता (चैत्र ०६-१२, २०८२) को मौसमी परिदृश्यः**

**साताको सुरूः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांश:** प्रदेशमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरूमा धेरै स्थान, साताको मध्यमा केही स्थान तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रही साताको सुरु र मध्यमा एक-दुई स्थानमा असिना तथा भारी वर्षाको समेत सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हावाहुरी सहित मेघगर्जन/चटयाङको सम्भावना समेत रहेको। तराई भु-भागमा साताको सुरुमा धेरै स्थान तथा साताको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा, साताको सुरु र मध्यमा एक-दुई स्थानमा हावाहुरी सहित मेघगर्जन/चटयाङको सम्भावना रहेको। प्रदेशभर अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने तथा न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., | हल्का, मध्यम देखि भारी वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन नहुने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चटयाङ | साताको सुरूमा धेरै स्थान, साताको मध्यमा केही स्थान तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | | | सम्भावना रहेको, साताको सुरु र मध्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ असिना | साताको सुरूमा धेरै स्थान, साताको मध्यमा केही स्थान तथा साताको अन्त्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको, साताको सुरु र मध्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्कादेखि मध्यम वर्षा सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ | साताको सुरु केही स्थान, साताको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- चैते धानको तयारी बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा सिफारिस मलखादको प्रयोग गरी रोप्नुहोस्।
- लहरे तरकारी बालीमा क्षति पुऱ्याउने रातो खपटेको संख्या बढ्ने हुनाले नियमित अनुगमन गरी व्यवस्थापनका उपायहरु अवलम्वन गर्नुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- चैते धान रोप्ने उपयुक्त समय भएकोले २५-३० दिनको बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा रोप्नुहोस्। चैते धानको लागि निम्न तालिकामा उल्लेख भए बमोजिमको मलखादको प्रयोग गर्नुहोस्।

| क्षेत्र | प्राङ्गारिक मल (टन) | आवश्यक रासायनिक मल (के.जी प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | युरिया | डिएपी | म्युरेट अफ पोटास | जिंक सल्फेट | बोरेक्स |
| नवलपरासी (ब.सु.पू) | ६ | २३८ | ८७ | ७८ | २ | १ |
| अन्य जिल्ला | ६ | १९२ | ६५ | ५० | २ | १ |

**नोटः** रासायनिक मलको प्रयोग गर्दा डिएपी, म्युरेट अफ पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा युरियाको एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाई बाली पोटाउने बेलाभन्दा अगाडि (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइन लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।

- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।

- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।

- आलु खन्ने बेला हुन लागेको छ भने सिंचाई बन्द गर्नुहोस् र आलुको दाना (Tuber) छिप्पिनका लागि र आलुको जोताहा किराको प्रकोप कम गर्नको लागि आलु खन्नभन्दा दुई हप्ता अगाडि आलुको जमिन माथिको भाग हटाउने ( Haulm pulling) कार्य गर्नुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय भएकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि धेरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- लामो समयसम्म वर्षा नभएकोले डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म

डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।

- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  - रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाखामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाखाको दूध सेवन नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

- आगामी साता हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

- फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी

र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजननका लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी ५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।
- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।
- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।
- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | बासुदेव रेग्मी | प्रदेश सचिव | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | शुष्मा मरहट्टा | बाली रोग विज्ञ | कृषि व्यवसाय प्रवर्द्धन, प्रशीक्षण तथा स्रोत केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | अनुपम उप्रेती | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३६ (१७० औं शृङ्खला)    अवधिः चैत्र १३-१९ सम्म    मितिः चैत्र १३, २०८२

### गत हप्ता (चैत्र ०६-१२, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। साताको सुरुमा प्रदेशको अधिकांश स्थानमा मेघगर्जन/ चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। साताको मध्यमा हिमाली/उच्च पहाडी, पहाडी भू-भागका धेरै स्थान तथा तराई भू-भागका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। हिमाली/उच्च पहाडी, तराई भू-भागमा साताको अन्त्यमा एक-दुई स्थान तथा पहाडी भू-भागका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। लमजुङ जिल्लाको खुदी केन्द्रमा सबैभन्दा धेरै वर्षा (४२.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-५.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३२.५ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रम उल्लेखनीय परिवर्तन नभएको र न्यूनतम तापक्रम हल्का घटेको।

### आगामी हप्ता (चैत्र १३-१९, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार    साताको मध्यः आइतबार, सोमबार र मंगलबार    साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरूमा धेरै स्थान तथा साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात, साताको सुरुमा एक-दुई स्थानमा असिना तथा भारी वर्षाको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरुमा केही स्थान तथा साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा हावाहुरी सहित मेघगर्जन/चट्याङको समेत सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा केही स्थान र सातको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साथै, तराई भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा हावहुरी सहित मेघगर्जन/चट्याङसमेतको सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, | हल्का, मध्यम देखि भारी वर्षा/हिमपात | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना | मेघगर्जन/ चट्याङ | साताको सुरूमा धेरै स्थान, साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | रहेको | | साताको सुरुमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको समेत सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ असिना | साताको सुरूमा धेरै स्थान, साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात, साताको सुरुमा एक-दुई स्थानमा असिना तथा भारी वर्षा/हिमपातको समेत सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्कादेखि मध्यम वर्षा सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ | साताको सुरुमा केही स्थान, साताको मध्यमा एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- चैते धानको तयारी बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा सिफारिस मलखादको प्रयोग गरी रोप्नुहोस्।
- लहरे तरकारी बालीमा क्षति पुऱ्याउने रातो खपटेको संख्या बढ्ने हुनाले नियमित अनुगमन गरी व्यवस्थापनका उपायहरु अवलम्वन गर्नुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सल्लाहः**

**बालीः**

- चैते धान रोप्ने उपयुक्त समय भएकोले २५-३० दिनको बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा रोप्नुहोस्। चैते धानको लागि निम्न तालिकामा उल्लेख भए बमोजिमको मलखादको प्रयोग गर्नुहोस्।

| क्षेत्र | प्राङ्गारिक मल (टन) | आवश्यक रासायनिक मल (के.जी प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | युरिया | डिएपी | म्युरेट अफ पोटास | जिंक सल्फेट | बोरेक्स |
| नवलपरासी (ब.सु.पू) | ६ | २३८ | ८७ | ७८ | २ | १ |
| अन्य जिल्ला | ६ | १९२ | ६५ | ५० | २ | १ |

**नोटः** रासायनिक मलको प्रयोग गर्दा डिएपी, म्युरेट अफ पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा युरियाको एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाई बाली पोटाउने बेलाभन्दा अगाडि (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइन लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।

- तोरीबालीमा कम्तीमा ५०% कोसाहरु पहेंलो रङ्गको भएमा मौसमको अवस्था हेरी बाली कटानी गर्नुहोस्। घामको अवस्था हेरी राम्रोसँग सुकेपछि चुटी/थ्रेसर लगाई, केलाई सफा गर्नुहोस्। सफा गरिएको तोरीको दानाको चिस्यान ८-१०% कायम रहने गरी सुकाएर मात्र उपयुक्त ठाँउमा भण्डारण गर्नुहोस्।

- चैते धानको बेर्नाको वृद्धि बढाउन १ मिटर चौडा, ८-१० मिटर लम्बाईको ब्याड बढाई बासको फ्रेम बनाएर ६० सेमी को दुरीमा गाड्ने र ५० देखि २५० गेजको सेतो प्लाष्टिकलाई ५०-६० सेमी उचाईको गुमोज बनाई अकुरंण भएको बीउलाई हिलाएको ब्याडमा छर्नुहोस्। उक्त प्लाष्टिकको गुमोज दिनको समयमा खोल्ने र रातको समयमा बन्द गर्नुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय भएकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि धेरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।
- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।
- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।
- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।
- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |

| | | | | |
|---|---|---|---|---|
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।



चित्र नं २ सुन्तलामा फेल्ट रोगको लक्षण

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- कफीको ताजा चेरी (पहेंलो वा कलेजी) टिप्न शुरू गर्नुहोस्। यसरी टिपेका चेरीको तुरून्तै प्रशोधनको ब्यवस्था मिलाउनुहोस् ।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- लामो समयसम्म वर्षा नभएकोले डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र

पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।


चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।
- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।
- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।
- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।
- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।
- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- आगामी साता हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।
- फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजननका लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी ५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ६. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३७ (१७१ औं शृङ्खला) अवधिः चैत्र २०-२६ सम्म मितिः चैत्र २०, २०८२

## गत हप्ता (चैत्र १३-१९, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। प्रदेशको अधिकांश स्थानमा साताको सुरुमा मेघगर्जन/ चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको मध्यमा धेरै स्थान तथा तराई भू-भागमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। हिमाली/उच्च पहाडी, तराई भू-भागमा साताको अन्त्यमा एक-दुई स्थान तथा पहाडी भू-भागका केही स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। पहाडी भू-भागको एक-दुई स्थानमा भारी वर्षा तथा असिना समेत परेको। लमजुङ जिल्लाको राईनासटार केन्द्रमा सबैभन्दा धेरै वर्षा (७२.० मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.५ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३३.५ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रम हल्का बढेको र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको।

## आगामी हप्ता (चैत्र २०-२६, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिक देखि साधारणतया बदली हुने सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरूमा थोरै स्थान, साताको मध्यमा केही स्थान र साताको अन्त्यमा धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भई साताको अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको समेत सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा एक-दुई स्थान तथा साताको मध्य र अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी तथा असिनाको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी तथा असिनाको सम्भावना रहेको। तराई भू-भागमा साताको मध्यमा एक-दुई स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने तथा तराई भू-भागमा हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, | हल्का, मध्यम देखि भारी वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन | उल्लेखनीय परिवर्तन | साताभर आंशिकदेखि साधारणतया | मेघगर्जन/ चट्याङ/ असिना/ | साताको सुरूमा थोरै स्थान, साताको मध्यमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | नहुने | नहुने | बदलीको सम्भावना रहेको | हावाहुरी | केही स्थान र साताको अन्त्यमा धेरै स्थानमा हल्का देखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको, साताको अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको समेत सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ असिना/ हावाहुरी | साताको सुरूमा थोरै स्थान, साताको मध्यमा केही स्थान र साताको अन्त्यमा धेरै स्थानमा हल्का देखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको, साताको अन्त्यमा एक-दुई स्थानमा भारी वर्षा/हिमपातको समेत सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्कादेखि मध्यम वर्षा सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली हुने सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ असिना/ हावाहुरी | साताको मध्यमा एक-दुई स्थान र साताको अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

**कृषि सारांशः**

- चैते धानको तयारी बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा सिफारिस मलखादको प्रयोग गरी रोप्नुहोस्।
- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बालाहरु हटाई नष्ट गर्नुहोस्।
- मौरीमा हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।
- नेपालका विभिन्न स्थानमा बर्ड फ्लू रोगको संक्रमण देखिएकोले प्रदेशमा यो रोग फैलन नदिन जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- चैते धान रोप्ने उपयुक्त समय भएकोले २५-३० दिनको बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा रोप्नुहोस्। चैते धानको लागि निम्न तालिकामा उल्लेख भए बमोजिमको मलखादको प्रयोग गर्नुहोस्।

| क्षेत्र | प्राङ्गारिक मल (टन) | आवश्यक रासायनिक मल (के.जी प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | युरिया | डिएपी | म्युरेट अफ पोटास | जिंक सल्फेट | बोरेक्स |
| नवलपरासी (ब.सु.पू) | ६ | २३८ | ८७ | ७८ | २ | १ |
| अन्य जिल्ला | ६ | १९२ | ६५ | ५० | २ | १ |

**नोटः** रासायनिक मलको प्रयोग गर्दा डिएपी, म्युरेट अफ पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा युरियाको एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाई बाली पोटाउने बेलाभन्दा अगाडि (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले ९०० मिटरसम्मको टार तथा बेसींको लागि अरुण-२, अरुण-४, रामपुर हाईब्रिड-१०, रामपुर हाईब्रिड-१२, रामपुर हाईब्रिड-१४, रामपुर हाईब्रिड-१६ जस्ता जातहरु, मध्य-पहाडका लागि मनकामना-३, मनकामना-५, मनकामना-६, मनकामना-७, मनकामना-९ र उच्च पहाडका लागि गणेश-२ जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बालाहरु हटाई नष्ट गर्नुहोस्। आगामी वर्षको बीउमा रोगको जिवाणुको संक्रमण हुने सम्भावना भएकोले रोग लागेका बालासँग स्वस्थ्य बाली नमिसाउनुहोस्।
- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइनमा लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा

चिस्यान कायम गर्नुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय भएकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- लसुन/प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि धेरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा

स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग नगर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- स्याउ लगायत पतझड फलफूलमा सुषुप्त अवस्थामै प्राविधिकको सल्लाह बमोजिम बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्। अन्य फलफूल बालीमा सिँचाइ पश्चात बोटको उमेर अनुसार मलखाद व्यवस्थापन गर्नुहोस्।

- हाल मौरीमा देखिएको हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने सम्भावित ठाँउमा रोकथामका लागि चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- झापा, मोरङ, सुनसरी र चितवन जिल्लाका विभिन्न स्थानमा Highly Pathogenic Avian Influenza (H5N1) वर्डफ्लु रोग पुष्टि भएको हुँदा सावधानी अपनाउनुहोस्। अकस्मात् धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको भेटेरिनरी अस्पतालमा जानकारी गराउनुहोस्। पन्छी फार्ममा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
    - अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनुहोस् र गराउनै पर्ने भएमा नि:सक्रमण गरेर मात्र प्रवेश गराउनुहोस्।
    - खोर भित्र प्रवेश गर्दा चुना लगायत नि:सक्रामक औषधी राखिएको फुटबाथ प्रयोग गर्नुहोस्।
    - पन्छी तथा पन्छीजन्य उत्पालनको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएरमात्र गराउनुहोस्।

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोत: पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्यागनेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

- आगामी साता हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछ्याउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

- फाल्गुन-चैत महिनामा कमन कार्प माछाको प्रजनन समय पर्ने भएकाले भाले र पोथी माछालाई एउटै पोखरीमा २ पोथी र ३ भाले को अनुपातमा राखी काकाबान (Kakaban) को प्रयोग गरी प्राकृतिक प्रजनन् प्रक्रिया गर्नुहोस्। प्रजननका लागि निम्न उमेर र औसत तौल अनुसारका स्वस्थ माछा छनौट गरी प्रयोग गर्नुहोस्।

| उमेर (बर्ष) | | औषत तौल (केजी) | |
|---|---|---|---|
| भाले | पोथी | भाले | पोथी |
| १-२ | २-३ | २-३ | ३-४ |

- फाल्गुन महिनादेखि पोखरीमा कार्प जातका माछाको भुरा छोडेर नयाँ माछा पालन सिजन सुरु हुने भएकाले प्रति रोपनी ५०० वटा फिङ्गरलिङ साइजका भुरा छोड्नुहोस्। भुरा छोड्नु अघि पोखरी राम्रोसँग सफा गरी पानीको गहिराइ कम्तीमा १.२-१.५ मिटर कायम गर्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

- फाल्गुन महिनामा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त प्राविधिक वा मत्स्य विज्ञसँग सम्पर्क गर्नुहोस्।

- रेन्बो ट्राउट जातको माउ माछाको लागि ०.८-१.२% प्रति केजी शारिरिक तौलको दर, ४०-४५% प्रोटिन र १०-१५% बोसो भएको माउ (ब्रुड फिड) को दाना प्रयोग गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् समय भएको हुँदा प्रजनन् गराउँदा कम्तीमा २ वर्ष पुरानो परिपक्क भाले र २.५-३ वर्ष पुरानो पोथी छनोट गर्नुहोस्।

- रेन्बो ट्राउटको प्रजनन् गराउँदा २ वटा परिपक्क भालेको शुक्रकिट (sperm) एक वटा पोथीको अण्डामा सुख्खा विधिबाट बाहिर निसेचन (external fertilization) गराउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली संरक्षण विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ५. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ६. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ७. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३८ (१७२ औं शृङ्खला)  अवधिः चैत्र २७ देखि वैशाख ०३, २०८३ सम्म  मितिः चैत्र २७, २०८२

## गत हप्ता (चैत्र २०-२६, २०८२) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः**हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरूमा केही स्थान, साताको मध्यमा धेरै स्थान र साताको अन्त्यमा अधिकांश स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा भएको। पहाडी भू-भागमा साताको मध्यमा एक-दुई स्थानमा असिना समेत परेको। तराई भू-भागमा साताको मध्यमा केही स्थान र साताको अन्त्यमा अधिकांश स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा भएको। गोरखा जिल्लाको जगत (सिर्दिवास) केन्द्रमा सबैभन्दा धेरै वर्षा (३३.६ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.९ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३६.५ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर साताको अन्त्यमा न्यूनतम र अधिकतम तापक्रम हल्का घटेको। हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको सुरु र मध्यमा न्यूनतम र अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको र तराई भू-भागमा हल्का बढेको।

## आगामी हप्ता (चैत्र २७- वैशाख ०३, २०८२) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार  साताको मध्यः आइतबार, सोमबार र मंगलबार  साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली हुने सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। हिमाली/उच्च पहाडी, पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी र असिनाको सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी | हल्कादेखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ/ असिना/ हावाहुरी | साताभर थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग) | | | | | | |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्कादेखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ/ असिना/ हावाहुरी | साताभर थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली | | |

**कृषि सारांश:**

- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बालाहरु हटाई नष्ट गर्नुहोस्।
- मौरीमा हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।
- नेपालका विभिन्न स्थानमा बर्ड फ्लू रोगको संक्रमण देखिएकोले प्रदेशमा यो रोग फैलन नदिन जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।
- यो समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाहः**

**बाली:**

- चैते धान रोप्ने अन्तिम समय भएकोले २५-३० दिनको बेर्नालाई जरा नचुँडिने गरी उखेलेर तयारी जमिनमा ढिला नगरी रोप्नुहोस्। चैते धानको लागि निम्न तालिकामा उल्लेख भए बमोजिमको मलखादको प्रयोग गर्नुहोस्।

| क्षेत्र | प्राङ्गारिक मल (टन) | आवश्यक रासायनिक मल (के.जी प्रति हेक्टर) | | | | |
|---|---|---|---|---|---|---|
| | | युरिया | डिएपी | म्युरेट अफ पोटास | जिंक सल्फेट | बोरेक्स |
| नवलपरासी (ब.सु.पू) | ६ | २३८ | ८७ | ७८ | २ | १ |
| अन्य जिल्ला | ६ | १९२ | ६५ | ५० | २ | १ |

**नोटः** रासायनिक मलको प्रयोग गर्दा डिएपी, म्युरेट अफ पोटास, जिंक सल्फेट र बोरेक्सको पुरै मात्रा तथा युरियाको

एक तिहाई मात्रा जमिनको अन्तिम तयारीको समयमा, एक तिहाई धान रोपेको २५-३० दिनपछि (गाँज आउने समयमा) र बाँकी एक तिहाई बाली पोटाउने बेलाभन्दा अगाडि (५०-५५ दिनपछि) प्रयोग गर्नुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले ९०० मिटरसम्मको टार तथा बेसींको लागि अरुण-२, अरुण-४, रामपुर हाईब्रिड-१०, रामपुर हाईब्रिड-१२, रामपुर हाईब्रिड-१४, रामपुर हाईब्रिड-१६ जस्ता जातहरु, मध्य-पहाडका लागि मनकामना-३, मनकामना-५, मनकामना-६, मनकामना-७, मनकामना-९ र उच्च पहाडका लागि गणेश-२ जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बालाहरु हटाई नष्ट गर्नुहोस्। आगामी वर्षको बीउमा रोगको जिवाणुको संक्रमण हुने सम्भावना भएकोले रोग लागेका बालासँग स्वस्थ्य बाली नमिसाउनुहोस्।

- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइनमा लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय सकिन लागेकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नेपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र १ लिटर पानीमा ५ ग्राम सरफमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका

दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपिष्ट तयार गरी पोत्नुहोस्।
- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।
- सुन्तलाजात फलफूलको पाउडरी मिल्ड्यु रोगको व्यवस्थापनका लागि सल्फरमा आधारित ढुसीनाशक विषादी २ ग्राम प्रति लिटर वा डिनोक्याप ४८% इसी २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर १०-१५ दिनको फरकमा पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।
- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपिष्ट लगाउनुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग नगर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- हाल मौरीमा देखिएको हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने सम्भावित ठाउँमा रोकथामका लागि चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- झापा, मोरङ, सुनसरी र चितवन जिल्लाका विभिन्न स्थानमा Highly Pathogenic Avian Influenza (H5N1) वर्डफ्लु रोग पुष्टि भएको हुँदा सावधानी अपनाउनुहोस्। अकस्मात् धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको भेटेरिनरी अस्पतालमा जानकारी गराउनुहोस्।पन्छी फार्ममा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।

- अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनुहोस् र गराउनै पर्ने भएमा निःसक्रमण गरेर मात्र प्रवेश गराउनुहोस्।
- खोर भित्र प्रवेश गर्दा चुना लगायत निःसक्रामक औषधी राखिएको फुटबाथ प्रयोग गर्नुहोस्।
- पन्छी तथा पन्छीजन्य उत्पालनको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएरमात्र गराउनुहोस्।

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।



चित्र नं १ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा

पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

- आगामी साता हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछ्याउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।

- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।

- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरि मल र चुना हाली तयार गरिएको पोखरीमा छोड्नुहोस्।

- आगामी दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।

- गर्मी र बर्षामा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजीवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा

परिजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।

- रेन्बो ट्राउट माछाका लागि प्रति केजि शारिरिक तौलको ०.८-१.२ % को दरमा ४०-४५ % प्रोटिन भएको दाना प्रयोग गर्ने र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमी हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली संरक्षण विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशीक्षण केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | आविष्कार पोखरेल | मत्स्य विकास अधिकृत | मत्स्य विकास केन्द्र, मिर्मी |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-३९ (१७३ औं शृङ्खला)  अवधिः वैशाख ०४-१०, २०८३  मितिः वैशाख ०४, २०८३

**गत हप्ता (चैत्र २७, २०८२-वैशाख ०३, २०८३) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको। कास्की जिल्लाको घलेखर्क केन्द्रमा सबैभन्दा धेरै वर्षा (४०.४ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-४.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३६.० डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर न्यूनतम र अधिकतम तापक्रम बढेको।

**आगामी हप्ता (वैशाख ०४-१०, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार**  **साताको मध्यः आइतबार, सोमबार र मंगलबार**  **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली रहने सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङ, हावाहुरी र असिनाको सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्कादेखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ/ असिना/ हावाहुरी | साताभर थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्कादेखि मध्यम वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया | मेघगर्जन/ चट्याङ/ असिना/ | साताभर थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | बदली | हावाहुरी | |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफादेखि आंशिक बदली | हावाहुरी | |

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- अदुवा तथा बेसार लगाउने समय भएकाले अदुवाको बीउ गानोको व्यवस्था मिलाउनुहोस्।
- मौरीमा हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।
- नेपालका विभिन्न स्थानमा बर्ड फ्लू रोगको संक्रमण देखिएकोले प्रदेशमा यो रोग फैलन नदिन जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भखरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।
- यो समयमा हावाहुरी, पानी, चटयाङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाडी | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (बास्मती), खुमल-१८<br>➢ घैया धानको लागि: घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जात: खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, हर्दिनाथ-४, हर्दिनाथ-६, हर्दिनाथ-५<br>➢ छरुवाको लागि उपयुक्त जात: सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, हर्दिनाथ २, |

| | | |
|---|---|---|
| | | घैया २, राधा ४, विन्देश्वरी |
| ३ | पहाडी तथा तराई | ➢ असिंचित क्षेत्रको लागि उपयुक्त जातः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ बाढीग्रस्त क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।

- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले ९०० मिटरसम्मको टार तथा बेसींको लागि अरुण-२, अरुण-४, रामपुर हाईब्रिड-१०, रामपुर हाईब्रिड-१२, रामपुर हाईब्रिड-१४, रामपुर हाईब्रिड-१६ जस्ता जातहरु, मध्य-पहाडका लागि मनकामना-३, मनकामना-५, मनकामना-६, मनकामना-७, मनकामना-९ र उच्च पहाडका लागि गणेश-२ जातका गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बालाहरु हटाई नष्ट गर्नुहोस्। आगामी वर्षको बीउमा रोगको जिवाणुको संक्रमण हुने सम्भावना भएकोले रोग लागेका बालासँग स्वस्थ्य बाली नमिसाउनुहोस्।

- गहुँको बीउ प्रयोजनका लागि रोग किरा नलागेका स्वस्थ बालाहरु छनौट गर्नुहोस्। साथै, २-३ पटक घाममा सुकाएर गहुँको चिस्यानको मात्रा १२-१३ प्रतिशत कायम हुने गरी हावा नछिर्ने गरी बोरा वा भाडामा भण्डारण गर्नुहोस्।

- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइनमा लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय सकिन लागेकोले सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी

वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।
- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नेपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।
- गोलभैंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।
- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।
- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।
- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र १ लिटर पानीमा ५ ग्राम सरफमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकाले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी व्यवस्थापन मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुवैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था मिलाउनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूलमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको पाउडरी मिल्ड्यु रोगको व्यवस्थापनका लागि सल्फरमा आधारित ढुसीनाशक विषादी २ ग्राम प्रति लिटर वा डिनोक्याप ४८% इसी २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर १०-१५ दिनको फरकमा पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलको बेर्ना तयारी खाडलमा रोप्नुहोस्। यदि खाडल तयारी नगरेको भए ढिला नगरी कृषि प्राविधिकको सिफारिस बमोजिमको दुरीमा १ घन मिटर (१ मिटर×१ मिटर×१ मिटर) को खाडल खन्नुहोस्। तयार गरिएका खाडलमा मल मिसाई कलमी गरेको भाग जमिन माथि पर्ने गरी बिरुवा रोप्नुहोस्। विश्वासिलो श्रोत केन्द्रमा सम्पर्क गरी गुणस्तरीय बेर्नाको प्रबन्ध मिलाउनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग नगर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- हाल मौरीमा देखिएको हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था गर्नुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने सम्भावित ठाउँमा रोकथामका लागि चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरहरुमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।

- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ झापा, मोरङ, सुनसरी र चितवन जिल्लाका विभिन्न स्थानमा Highly Pathogenic Avian Influenza (H5N1) वर्डफ्लु रोग पुष्टि भएको हुँदा सावधानी अपनाउनुहोस्। अकस्मात् धेरै संख्यामा पन्छी बिरामी परेमा तुरुन्त नजिकैको भेटेरिनरी अस्पतालमा जानकारी गराउनुहोस्। पन्छी फार्ममा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।

- अनावश्यक व्यक्ति र सवारी साधनलाई प्रवेश नगराउनुहोस् र गराउनै पर्ने भएमा निःसक्रमण गरेर मात्र प्रवेश गराउनुहोस्।
- खोर भित्र प्रवेश गर्दा चुना लगायत निःसक्रामक औषधी राखिएको फुटबाथ प्रयोग गर्नुहोस्।
- पन्छी तथा पन्छीजन्य उत्पालनको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी प्रमाणपत्र लिएरमात्र गराउनुहोस्।


चित्र नं १ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने,

छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयहरुमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

- यस समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा

हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- भाले लागेको अण्डा १०-१२ डिग्री सेल्सियस पानीको तापक्रममा एट्किन (Atkin), मा २-३ लिटर प्रति मिनेटको पानीको प्रवाह दरमा ट्रेमा राखेर ईन्कुबेसन गर्नुहोस्।
- भाले लागेको ट्राउटको अण्डामा ढुसी लाग्ने सम्भावना रहेको हुँदा अण्डालाई ३-५ मिलिग्राम मिथाइलिन ब्लु प्रति लिटर पानीमा मिसाएर एट्किनमा प्रयोग गर्नुहोस् र ढुसी लागेको सेतो अण्डा नियमित रुपमा हटाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरि मल र चुना हाली तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- यस समयमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी र बर्षामा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजीवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परिजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजि शारिरिक तौलको ०.८-१.२ % को दरमा ४०-४५ % प्रोटिन भएको दाना प्रयोग गर्ने र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमी हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | शालिकराम अधिकारी | बाली संरक्षण विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशीक्षण केन्द्र, पोखरा |
| ८. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ९. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४० (१७४ औं शृङ्खला) अवधिः वैशाख ११-१७ सम्म मितिः वैशाख ११, २०८३

### गत हप्ता (वैशाख ०४-१०, २०८३) को मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा एक-दुई स्थान, साताको मध्यमा थोरै स्थान तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भई एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा तथा असिना समेत परेको। तराई भू-भागमा साताको सुरुमा एक-दुई स्थानमा मध्यम वर्षा भएको। कास्की जिल्लाको सिकलेस केन्द्रमा सबैभन्दा धेरै वर्षा (५७.४ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-२.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (४०.० डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम तापक्रम हल्का बढेको र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको।

### आगामी हप्ता (वैशाख ११-१७, २०८३) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली, साताको अन्त्यमा साधारणतयादेखि पुर्णतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भई साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थान, साताको मध्य र अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थान, साताको मध्य र अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा एक-दुई स्थान, साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। प्रदेशभर साताको मध्य र अन्त्यमा हावाहुरी र असिनाको सम्भावना रहेको। प्रदेशभर अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने तथा न्यूनतम तापक्रम हल्का घट्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, | हल्कादेखि मध्यम वर्षा/हिमपात | उल्लेखनीय परिवर्तन नहुने | हल्का घट्ने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली भई | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरुमा थोरै,मध्य र अन्त्यमा केही स्थानहरुमा हल्का देखि मध्यम वर्षा/हिमपातको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | साताको अन्त्यमा साधारणतया देखि पुर्णतया बदलीको सम्भावना रहेको | | सम्भावना रहेको। |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | हल्का घट्ने | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली भई साताको अन्त्यमा साधारणतया देखि पुर्णतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरुमा थोरै स्थान, साताको मध्य र अन्त्यमा धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने। | हल्का घट्ने | साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भई साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको सुरुमा एक-दुई स्थान, साताको मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- अदुवा तथा बेसार लगाउने समय भएकोले बीउ गानोको व्यवस्था मिलाउनुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः धैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सब १ र मन्सुली सब १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- बसन्ते मकै लगाउने समय भएकोले उच्च पहाडका लागि गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।
- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बाला हटाई नष्ट गर्नुहोस्। आगामी वर्षको बीउमा व्यवस्था

मिलाउनुहोस्।

- गहुँ बाली बीउ प्रयोजनका लागि रोग किरा नलागेका स्वस्थ्य बाला छनोट गर्नुहोस्। साथै, २-३ पटक घाममा सुकाएर गहुँको चिस्यानको मात्रा १२-१३ प्रतिशत कायम हुने हावा नछिर्ने गरी बोरा वा भाडामा भण्डारण गर्नुहोस्।

- समुद्री सतहबाट १००० मिटरभन्दा माथिको क्षेत्रमा चिनो, कागुनो तथा लट्टे लगाउने समय सुरु भएको हुँदा माटोमा चिस्यानको अवस्था सुनिश्चित गरी चिनोको बीउ लगाउनुभन्दा २४ घण्टा अगावै पानीमा भिजाई भोलिपल्ट छायाँमा फिँजाई ओभाएको बीउलाई लाइन लगाउने वा छर्ने व्यवस्था मिलाउनुहोस्। भिजाइएको बीउलाई छर्दा जमिनमा चिस्यान कायम गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय सकिन लागेकोले ढिला नगरी सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर

पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुर्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।



चित्र नं १ सुन्तलामा फेल्ट रोगको लक्षण

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा  रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूल लगायतका बालीमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपिष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग गर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- हाल मौरीमा देखिएको हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था मिलाउनुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।



चित्र नं २ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- यस समयमा हावाहुरी, पानी, चटयाङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछ्याउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चटयाङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।
- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ४. | सन्तोष लोहनी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ६. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ७. | डा. बिनिता कुँवर | पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ८. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४१ (१७५ औं शृङ्खला) अवधिः वैशाख १८-२४ सम्म मितिः वैशाख १८, २०८३

**गत हप्ता (वैशाख ११-१७, २०८३) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली र साताको अन्त्यमा साधारणतयादेखि पुर्णतया बदली भएको। तराई भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली तथा साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थान, साताको मध्यमा एक-दुई स्थान र साताको अन्त्यमा केही स्थान र पहाडी भू-भागमा साताको सुरुमा धेरै स्थान, साताको मध्य र अन्त्यमा अधिकांश स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको। तराई भू-भागमा साताको सुरुमा थोरै स्थान, साताको मध्य र अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको। पहाडी भू-भागमा साताभर तथा तराई भू-भागमा साताको सुरु र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा भएको। लमजुङ जिल्लाको फलेनी केन्द्रमा सबैभन्दा धेरै वर्षा (८८.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (०.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३७.० डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर साताको सुरु र मध्यमा अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको तर साताको अन्त्यमा हल्का घटेको।

**आगामी हप्ता (वैशाख १८-२४, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा साधारणतयादेखि पुर्णतया बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली, साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात तथा साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा/हिमपातको सम्भावना समेत रहेको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा धेरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा केही स्थान र साताको मध्यमा धेरै स्थान र साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा तराई भू-भागमा साताको सुरु र मध्य तथा पहाडी भू-भागमा साताभर हावाहुरी र असिनाको सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा | हल्कादेखि मध्यम | उल्लेखनीय परिवर्तन | उल्लेखनीय परिवर्तन | साताको सुरु र मध्यमा | मेघगर्जन/ चट्याङ/ | साताभर केही स्थानमा हल्का |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पहाड | गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | वर्षा/भारी वर्षाको सम्भावना रहेको | नहुने | नहुने | साधारणतया देखि पुर्णतया बदली, साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | हावाहुरी/ असिना | देखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। साताको सुरु र मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको। |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा साधारणतया देखि पुर्णतया बदली, साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरु र मध्यमा धेरै स्थान र साताको अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताभर एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने। | उल्लेखनीय परिवर्तन नहुने। | साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको सुरुमा केही स्थान र साताको मध्यमा धेरै स्थान र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताको सुरु र मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |

**कृषि सारांशः**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- अदुवा तथा बेसार लगाउने समय भएकोले बीउ गानोको व्यवस्था मिलाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चटयाङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिँचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिँचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले उच्च पहाडका लागि गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।
- गहुँ बालीमा देखिएको कालो पोके रोग लागेका बाला हटाई नष्ट गर्नुहोस्। आगामी वर्षको बीउमा व्यवस्था मिलाउनुहोस्।
- गहुँ बाली बीउ प्रयोजनका लागि रोग किरा नलागेका स्वस्थ्य बाला छनोट गर्नुहोस्। साथै, २-३ पटक घाममा सुकाएर गहुँको चिस्यानको मात्रा १२-१३ प्रतिशत कायम हुने हावा नछिर्ने गरी बोरा वा भाडामा भण्डारण गर्नुहोस्।
- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।
- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।
- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।
- लहरेबालीमा क्षति पुर्‍याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।
- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर

प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- बोडी, सिमी, तनेबोडी रोप्ने उपयुक्त समय भएकाले जमिनको तयारी गरी देहाय बमोजिमको जात, बीउदर र दुरीमा रोप्नुहोस्।

| क्र.स. | बाली | जात | लगाउने दुरी | बीउ प्रति रोपनी |
|---|---|---|---|---|
| १ | बोडी (कोसा खाने) | मालेपाटन १ | ६० सेमी × ३० सेमी | १.५ केजी |
| २ | बोडी (दाना) | सुर्य, आकाश, प्रकाश, गाजले बोडी | ४० सेमी × १०-१५ सेमी | १ केजी |
| ३ | सिमी | चौमासे, त्रिशुली, सेमी लाइट लङ | ७५ सेमी × २५ सेमी | १.५ केजी |
| ४ | तनेबोडी | खुमल तने, सर्लाही तने | १२० सेमी × ३० सेमी | १ केजी |
| ५ | झाँगे सिमी | सूचीकृत जातहरु | ६० सेमी × ३० सेमी | २ केजी |

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूल लगायतका बालीमा नयाँ पालुवा पलाएसँगै सिट्रस सिल्ला, कत्ले किरा, भुवादार लाही, रातो सुलसुले लगायतका किराहरुको प्रकोप बढ्ने भएकाले यी किराहरुको व्यवस्थापन गर्नुहोस्। यस प्रकारका किराहरुको व्यवस्थापनका लागि पेट्रोलियम तेल १५ मिलिलिटर र डाईमेथोएट (३०% इसी) (जस्तैः रोगर) १ मिलिलिटर १ लिटर पानीका दरले मिसाएर विशेषगरी नयाँ पालुवालाई केन्द्रित गरी छर्कनुहोस्।

- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६० सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल तयार गर्दा सिफारिस दुरी कायम गर्नुहोस्।

- वर्षे तथा सुन्तलाजात फलफूलमा साना दाना (केराउ गेडे अवस्था) लागी सकेपछि सुक्ष्म खाद्यतत्व व्यवस्थापनका लागि सुक्ष्म खाद्यतत्वयुक्त झोल २.५ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- फलफूल बालीको नर्सरी तथा नयाँ रोपेका वेर्नाको कलमी गरेको भागभन्दा तलबाट आएका हाँगालाई हटाउदै जानुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा

चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग गर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।




स्रोत: plantwise.org

चित्र नं १ लिची फलफूल बालीमा सुलसुलेको लक्षण

- हाल मौरीमा देखिएको हुल मर्ने समस्याको प्रारम्भिक अध्ययन अनुसार भोकमरी वा चरन अभावको कारण देखिएको हुनाले मौरी घार भित्रै गोलाको संख्याको आधारमा चिनी/चास्नीको व्यवस्था मिलाउनुहोस्।

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने

भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाखामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
  - बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
  - सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
  - बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |

| | |
|---|---|
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- हाल भेडाबाख्रामा लाग्ने विषाणुबाट सर्ने मोहोला रोग लमजुङ जिल्लामा पुष्टि भएको र यस रोग लाग्दा मुख्यतया ओठ, मुख, नाक, थुन, खुट्टा वरिपरि घाउ देखिने समस्या देखिएकाले पशु स्वास्थ्य प्राविधिक तथा पशु चिकित्सकको सल्लाह बमोजिम घाउहरु भएको स्थानमा १ ग्राम प्रति लिटरमा पानीमा मिसाएर पोटासियम परम्याग्नेटको घोल अथवा नुन पानीको घोल बनाई दिनको १-२ पटक सफा गर्नुहोस्। घाउ पाकेको अवस्थामा पोभिडोन आयोडिनले सफा गर्नुहोस् र उपयुक्त एन्टिबायोटिक्सको प्रयोग गर्नुहोस्। यस रोग मानिसमा पनि सर्ने भएकोले संक्रमित बाख्राको दूध सेवन नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।



चित्र नं २ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा

लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- यस समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछ्याउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।
- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ३. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ४. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ५. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४२ (१७६ औं शृङ्खला) | अवधिः वैशाख २५-३१ सम्म | मितिः वैशाख २५, २०८३

**गत हप्ता (वैशाख ११-१७, २०८३) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा साधारणतयादेखि पूर्णतया बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली रहेको। तराई भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा केही स्थान, साताको मध्य र अन्त्यमा धेरै स्थान, पहाडी तथा तराई भू-भागमा साताको सुरु र अन्त्यमा धेरै स्थान साताको मध्यमा अधिकांश स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा भएको। तराई भू-भागमा साताको सुरुमा एक-दुई स्थानमा भारी वर्षा समेत भएको। कास्की जिल्लाको घलेखर्क केन्द्रमा सबैभन्दा धेरै वर्षा (६२.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-१.४ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३२.० डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको।

**आगामी हप्ता (वैशाख २५-३१, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** | **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** | **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा साधारणतयादेखि पूर्णतया बदली र साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली, साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा केही स्थान र साताको मध्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरु र अन्त्यमा धेरै स्थान र साताको मध्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा रही साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा र मध्यमा थोरै र अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षा र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना समेत रहेको। हिमाली/उच्च पहाडी तथा तराई भू-भागमा साताको सुरु र अन्त्य तथा पहाडी भू-भागमा साताभर हावाहुरी र असिनाको समेत सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी | हल्कादेखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र अन्त्यमा साधारणतया देखि पूर्णतया | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरु र अन्त्यमा केही स्थान तथा साताको मध्यमा थोरै स्थानमा हल्कादेखि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | बदली भई साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र अन्त्यमा साधारणतया देखि पूर्णतया बदली भई साताको मध्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरु र अन्त्यमा धेरै र मध्यमा केही स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको। साताभर एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको सुरुमा र मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताको अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- अदुवा तथा बेसार लगाउने समय भएकोले बीउ गानोको व्यवस्था मिलाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल विरुवा रोप्ने समय नजिकिएकोले विरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- बंगुरमा अफ्रिकन स्वाईन फिभर रोगको रोकथामका लागि फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्बन गर्नुहोस्।
- यो समयमा हावाहुरी, पानी, चटयाङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्।

**कृषि सल्लाह:**

**बाली:**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः धैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिँचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिँचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

- बसन्ते मकै लगाउने समय भएकोले उच्च पहाडका लागि गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।

- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय सकिन लागेकोले ढिला नगरी सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३

पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी x ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।


चित्र नं १ सुन्तलामा फेल्ट रोगको लक्षण

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६० सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल तयार गर्दा सिफारिस दुरी कायम गर्नुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग गर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।





स्रोत: plantwise.org

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी

खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्। सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा

डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ बङ्गुरमा “अफ्रिकन स्वाईन फिभर” रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं २ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुर्‍याउनुहोस्।

- फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।

- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

➢ वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

➢ यस समयमा हावाहुरी, पानी, चटयाङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चटयाङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

➢ पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

➢ तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

➢ भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

➢ पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।

- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्। ।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बागवानी विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ३. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ५. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ७. | डा. सपना लक्ष्मी घिमिरे | पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ८. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ९. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| १०. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

| वर्ष-४, अङ्क-४३ (१७७ औं शृङ्खला) | अवधिः जेठ ०१-०७ सम्म | मितिः जेठ ०१, २०८३ |
|---|---|---|

**गत हप्ता (वैशाख २५-३१, २०८३) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः**हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि अधिकांश बदली भएको र तराई भू-भागमा साताको सुरुमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको मध्य र अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थान, साताको मध्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्का वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरुमा केही स्थान, साताको मध्यमा अधिकांश स्थान र साताको अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र साताको मध्यमा थोरै स्थानमा भारी वर्षा, एक-दुई स्थानमा धेरै भारी वर्षा समेत भएको। तराई भू-भागमा साताको सुरुमा एक-दुई स्थान, साताको मध्यमा अधिकांश स्थान र साताको अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षा समेत भएको। म्याग्दी जिल्लाको रातोपानी केन्द्रमा सबैभन्दा धेरै वर्षा (१०४.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (-३.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३५.४ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम हल्का बढेको।

**आगामी हप्ता (जेठ ०१-०७, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा केही स्थान, साताको मध्य र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना समेत रहेको। तराई भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना समेत रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरु र तराई भू-भागमा साताको अन्त्य र पहाडी भू-भागमा साताभर हावाहुरी र असिनाको समेत सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नहुने तथा तराई भू-भागमा हल्का बढ्ने सम्भावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा | हल्कादेखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन | उल्लेखनीय परिवर्तन | साताको सुरुमा आंशिकदेखि | मेघगर्जन/ चट्याङ/ | साताको सुरुमा केही स्थान, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पहाड | गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | नहुने | नहुने | साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको | हावाहुरी/ असिना | साताको मध्य र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङस हित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताभर केही स्थानमा मेघगर्जन/चट्याङस हित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङस हित भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङस हित हल्कादेखि मध्यम वर्षा र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङस हित भारी वर्षाको सम्भावना समेत रहेको |

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल विरुवा रोप्ने समय नजिकिएकोले विरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- तापक्रम घट्ने बढ्ने हुँदा रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था

मिलाउनुहोस्।

- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा आलु लगाउने समय सकिन लागेकोले ढिला नगरी सिफारिस जात (कुफ्री ज्योती, डेजिरे, जनकदेव, खुमल सेतो १, खुमल उज्ज्वल, खुमल विकास) का गुणस्तरीय बीउ आलु ७५-१०० केजी प्रति रोपनीका दरले लाइनदेखि लाइन ६० सेमी र बीउदेखि बीउ २५ सेमीको फरकमा रोप्नुहोस्। जग्गा तयारीको क्रममा २५-३० डोको गोबर १०.९ केजी डीएपी २.२ केजी युरिया र ५० केजी म्युरेट अफ पोटास प्रति रोपनीका दरले माटोमा मिसाउनुहोस्।

- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग देखिएमा रोगी पात र डाँठ नष्ट गरी डाइमेथोमर्फ (५०% डब्लुपी) १.५ देखि २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्ने गरी छर्कनुहोस्।

- प्याजमा देखिने बैजनी धब्बा रोग/डढुवा (purple blotch) को व्यवस्थापनका लागि टेबुकोनाजोल १ ग्राम प्रति लिटर पानी वा मेन्कोजेव २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १४ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्।

- लहरे तरकारी बालीको तयारी बेर्ना देहाय बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| बाली | लगाउने दुरी मिटर (लाईन-लाईन × बोट- बोट) | गोबर मल (प्रति रोपनी) | यूरिया (प्रति रोपनी) | डीएपी (प्रति रोपनी) | म्यूरेट अफ पोटास (प्रति रोपनी) |
|---|---|---|---|---|---|
| काँक्रो (खुला सेचित) | १.२ मिटर × १ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| काँक्रो (हाईब्रिड) | १ मिटर × ०.८ मिटर | १.५ टन | १३ केजी | ७ केजी | ८ केजी |
| घिरौंला | २ मिटर × २ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| फर्सी | २ मिटर × २ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |
| करेला | २ मिटर × १ मिटर | १ टन | १३ केजी | १० केजी | ८ केजी |
| जुकिनी | ०.९ मिटर × ०.९ मिटर | १.५ टन | ११ केजी | १३ केजी | ८ केजी |

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानीको फेद तथा जरा कुहिने रोगको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको मिश्रण बनाई प्रत्येक बोटमा १०० मिलिलिटर मिश्रण पर्ने गरी फेदमा छर्कनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुर्‍याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।


चित्र नं १ सुन्तलामा फेल्ट रोगको लक्षण

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने

र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६० सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल तयार गर्दा सिफारिस दुरी कायम गर्नुहोस्।

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- केराको सिगाटोका रोगको व्यवस्थापनका लागि रोग लागेका पातहरु, अनावश्यक छाउरा बोट (suckers) हटाई कार्बेन्डाजिम वा प्रोपिकोनाजोल १ ग्राम प्रति लिटर पानीको दरले १०-१५ दिनको फरकमा ३ पटक छर्कनुहोस्।

- स्याउ लगायत अन्य हिउँदे फलफूलमा फूल फुल्ने समय भएकोले बगैंचामा चिस्यानको कमी भएकोले बगैंचामा चिस्यानको कमी भएमा फूल झर्ने समस्या हुने हुँदा माटोमा चिस्यानको अवस्था हेरी सिँचाइ व्यवस्थापनमा ध्यान दिनुहोस्। फूल फुलेको समयमा स्याउ बगैंचामा रासायनिक विषादी प्रयोग नगर्नुहोस्। यदि गर्नैपर्ने अवस्था भएमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापन गर्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।



स्रोत: plantwise.org

चित्र नं. २. लिचीमा सुलसुलेको लक्षण

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी

खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्। सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।

- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- फलफूल बालीहरु जस्तै कागती, सुन्तला, लिची, आँप आदिमा मौरी तथा अन्य मित्रुजीवहरु परागसेचन प्रक्रियामा सक्रिय हुनाले यिनीहरुको भ्रमणलाई प्रोत्साहन गर्न विषादी नछर्कनुहोस् र छर्कनै पर्ने भएमा बेलुकीपख छर्कनुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

➢ रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

➢ दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

➢ पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

➢ पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

➢ बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं २ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

➢ अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
- फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।

- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

➢ एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

➢ यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

➢ यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

➢ डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

➢ वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

➢ यस समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछाउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

➢ पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

➢ तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।

➢ भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।

➢ पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।

- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ३. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ४. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ५. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ६. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ७. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४४ (१७८ औं शृङ्खला) अवधिः जेठ ०८-१४ सम्म मितिः जेठ ०८, २०८३

**गत हप्ता (जेठ ०१-०७, २०८३) को मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी भू-भागमा साताभर, पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली र सातको अन्त्यमा आंशिकदेखि अधिकांश बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा केही स्थान र साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताभर धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताभर एक-दुई स्थानमा भारी वर्षा र साताको मध्यमा एक-दुई स्थानमा धेरै भारी वर्षा समेत भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको। लमजुङ जिल्लाको कुन्छा केन्द्रमा सबैभन्दा धेरै वर्षा (१०५.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (२.० डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३६.५ डिग्री सेल्सियस) मापन भएको। हिमाली र तराई भू-भागमा अधिकतम र न्यूनतम तापक्रम बढेको तथा पहाडी भू-भागमा अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको।

**आगामी हप्ता (जेठ ०८-१४, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का देखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ सहित भारी वर्षाको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा तराई भू-भागमा साताको सुरु र मध्य र पहाडी भू-भागमा साताभर एक-दुई स्थानमा हावाहुरी र असिनाको समेत सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी | हल्कादेखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश | मेघगर्जन/ चट्याङ/ असिना | साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | बदली भई साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | | वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली भई साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताभर केही स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङ सहित भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताभर थोरै स्थानमा मेघगर्जन/ चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङ सहित भारी वर्षाको सम्भावना समेत रहेको |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।
- मकै बालीमा फौजीकिरा व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग व्यवस्थापनका लागि प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल विरुवा रोप्ने समय नजिकिएकोले विरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम व्यवस्थापनका उपाय अपनाउनुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- तापक्रम घट्ने बढ्ने हुँदा रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बाली:**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सब १ र मन्सुली सब १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोपणका लागि ब्याड राख्ने समय नजिकिएकोले सिफारिस जातका धानको गुणस्तरीय बीउको व्यवस्था

मिलाउनुहोस्।

- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग देखिएमा रोगी पात र डाँठ नष्ट गरी डाइमेथोमर्फ (५०% डब्लुपी) १.५ देखि २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्ने गरी छर्कनुहोस्।

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानी लगायतका बालीमा फेद कुहिने रोगका कारण बोट ओइलाएरा मर्ने समस्या देखिएकोले कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर प्रत्येक विरुवाको फेदको भाग समेत भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस् र १०/१० दिनको फरकमा ४/५ पटक दोहोऱ्याउनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर

प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।
- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।


चित्र नं १ सुन्तलामा फेल्ट रोगको लक्षण

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।
- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।
- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६० सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल तयार गर्दा सिफारिस दुरी कायम गर्नुहोस्।
- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा

लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।



स्रोतः plantwise.org

चित्र नं. २. लिचीमा सुलसुलेको लक्षण

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।
- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका

फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाखा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।

- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाखा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
  - फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
  - बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
  - जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
  - फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- यस मौसममा गाईभैंसीलाई आहाराको कमी हुने भएकोले उच्च गुणस्तरको साइलेज बनाएर वा खरिद गरेर नियमित खुवाएर उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नुहोस्। पशुलाई खुवाउन साइलेज निकालेपछि साइलेज भण्डारण गरेको थैलो वा साइलेज पीटलाई हावा नछिर्नेगरी बन्द गर्नुहोस्।

- यस मौसममा हरियो घाँसको कमी हुने भएकाले पशुहरूलाई बाँझोपन हुनबाट बचाउन प्रशस्त पौष्टिक आहारा, समय समयमा बजारमा पाईने खनिज र भिटामिनको धुलो वा झोल औषधी तथा नियमित परजीवी विरूद्धको औषधी पशु स्वास्थ्य प्राविधिक वा पशु चिकित्सकको सल्लाह बमोजिम खुवाउनुहोस्।

- डाले घाँसमा नयाँ पालुवा पलाउने मौसम सुरु भएको र कलिला पातहरुमा विषालु तत्वहरु हुने भएकोले भर्खरै पालुवा लागेका डाले घाँस नखुवाउनुहोस्।

- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- यस समयमा हावाहुरी, पानी, चट्याङ पर्ने सम्भावना भएको हुँदा खोर/गोठमा पानी, बाछिटा पस्न नदिन आवश्यकता अनुसार त्रिपालको प्रयोग गर्नुहोस्। बाछिटाले भिजेको भुस, सोत्तरलाई फेरी ओभानो सोत्तर बिछ्याउनुहोस्। पशुवस्तुलाई हावाहुरी, चट्याङ परेको समयमा सुरक्षित तवरले खोर/गोठमा राख्नुहोस्।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्।

पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।

- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ४. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ५. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ८. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४५ (१७९ औं शृङ्खला) अवधिः जेठ १५-२१ सम्म मितिः जेठ १५, २०८३

**गत हप्ता (जेठ ०८-१४, २०८३) मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपात, पहाडी भू-भागमा साताभर धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा र साताको मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षा समेत भएको। तराई भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा भएको र साताको मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा समेत भएको। बागलुङ जिल्लाको बागलुङ केन्द्रमा सबैभन्दा धेरै वर्षा (१२४.४ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (१.२ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३५.८ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर न्यूनतम र अधिकतम तापक्रममा उल्लेखनीय परिवर्तन नभएको।

**आगामी हप्ता (जेठ १५-२१, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। तराई भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरुमा केही स्थान, साताको मध्य र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरुमा धेरै स्थान, साताको मध्य र अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताको सुरुमा धेरै स्थान तथा साताको मध्यमा केही स्थान र साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताको सुरु र मध्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको। हिमाली/उच्च पहाडी तथा तराई भू-भागमा साताको सुरु र मध्यमा तथा पहाडी भू-भागमा साताभर हावाहुरी र असिनाको सम्भावना रहेको। प्रदेशभर अधिकतम र न्यूनतम तापक्रम साताको सुरुमा हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा | हल्कादेखि मध्यम वर्षा | साताको सुरुमा | साताको सुरुमा | साताको सुरु र मध्यमा | मेघगर्जन/ चट्याङ/ | साताको सुरुमा केही स्थान तथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पहाड | गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | असिना | साताको मध्य र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | साताको सुरुमा हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | साताको सुरुमा हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदलीको सम्भावना नरहेको | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरुमा धेरै स्थान तथा साताको मध्य र अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताभर एक-दुई स्थानमा मेघगर्जन/चट्याङ सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यमदेखि भारी/धेरै वर्षाको सम्भावना रहेको | साताको सुरुमा हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | साताको सुरुमा हल्का घट्ने, साताको मध्य र अन्त्यमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको सुरुमा धेरै स्थान तथा साताको मध्यमा केही स्थान र साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताको सुरु र मध्यमा एक-दुई स्थानमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | मेघगर्जन/चट्याङ सहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको |

**कृषि सारांशः**

- वर्षे धान रोप्नका लागि प्राविधिकको सल्लाह बमोजिम नर्सरी व्याड तयार गर्नुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम बगैंचा रेखाङ्कन गरी खाडलको तयारी तथा गुणस्तरीय विरुवाको प्रवन्ध गर्नुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- तापक्रम घट्ने बढ्ने हुँदा रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- वर्षे धान रोप्नको लागि ३ हप्ता अगाडी नर्सरी ब्याड तयार गरी गुणस्तरीय बीउ छर्नुहोस्। १ रोपनी जग्गाको लागि

२५ वर्ग मिटरको दरले ब्याड तयार गरी २.५ केजी बीउ छर्नुहोस्। हिले ब्याडको लागि २ देखि ३ सेमी पानी अडिने गरी सिँचाईको प्रबन्ध मिलाउनुहोस्।

- उच्च पहाडमा बसन्ते मकै लगाउने समय भएकोले गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।
- बसन्ते मकैको बोटको उचाई घुँडाघुँडा आउने अवस्थाको भएपछि अथवा ५ वटा पूर्ण पात निस्किएको अवस्था छ भने झारपात उखेली नाइट्रोजनको सिफारिस मात्राको एक तिहाई भाग (४.३५ केजी प्रति रोपनी) मकै बालीमा प्रयोग गरी उकेरा दिनुहोस्।
- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।
- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।
- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग देखिएमा रोगी पात र डाँठ नष्ट गरी डाइमेथोमर्फ (५०% डब्लुपी) १.५ देखि २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्ने गरी छर्कनुहोस्।
- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।
- लहरेबालीमा क्षति पुर्‍याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।
- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।
- गोलभेँडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।
- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि कार्बेन्डाजिम ५०% डब्लुपी २ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।
- खुर्सानी लगायतका बालीमा फेद कुहिने रोगका कारण बोट ओइलाएरा मर्ने समस्या देखिएकोले कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर प्रत्येक विरुवाको फेदको भाग समेत भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस् र १०/१०

दिनको फरकमा ४/५ पटक दोहोऱ्याउनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटरको पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्र्यापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- अदुवा तथा बेसार लगाउने समय भएकोले अदुवाको बीउ प्रति रोपनी २५० केजी र बेसारको बीउ प्रति रोपनी १२५ केजी बीउ गानोको व्यवस्था मिलाउनुहोस्। अदुवा तथा बेसारको बीउ दुबैलाई पानी तर्काउने व्यवस्था मिलाई ३० सेमी × ३० सेमीको दुरीमा रोप्नुहोस्। रोपे लगत्तै छापोको व्यवस्था गर्नुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।



चित्र नं १ सुन्तलामा फेल्ट रोगको लक्षण

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६०

सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल खन्दा देहाय बमोजिमको गर्नुहोस्।

| बालीको नाम | लगाउने दुरी (मिटर) | प्रति रोपनी विरुवा संख्या |
|---|---|---|
| सुन्तला | ५-६x५-६ | १५-२० |
| कागती | ४-५x४-५ | २०-३० |
| एभोकाडो | ८-१०x८-१० | ५-८ |
| लिची | १०x१० | ७-८ |
| आँप | १०-१२x१०-१२(आम्रपालीको लागि ५x५) | ५ (आम्रपाली- २०) |
| चिया | ०.९x०.६ | ६००-७०० |
| कफी | २-२.५x२-२.५ | ११० |
| केरा | अग्लो जात २-३x२-३ (होचो जात २x२) | ५०-५५ (होचो जात १२५) |
| मेकाडेमिया नट | ७x७ | १०-१२ |

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।



स्रोत: plantwise.org

चित्र नं. २. लिचीमा सुलसुलेको लक्षण

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्। सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।
- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको

फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण लमजुङ, तनहुँ, कास्की, पर्वत र नवलपरासी (ब.सु.पू.) जिल्लामा पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
- फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग निःसक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।
  रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।
- वर्षे घाँस जस्तै मकै, मकै चरी, सुडान, बाज्रा, जुनेलो जस्ता घाँसहरु लगाउने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- यस मौसममा लामखुट्टे र झिँगाको वृद्धि भई पशुपन्छीमा वाहकजन्य रोगको जोखिम बढ्ने भएकाले खोरगोठ तथा वरिपरि सफा राख्नुहोस्।
- प्रि-मन्सुनमा दिउँसो र साँझ हावाहुरी मेघगर्जन तथा चट्याङको सम्भावना बढी भएकाले मध्यान्न पछि पशुचौपायालाई जङ्गलमा चराउन नलैजानुहोस र गोठबाहिर नबाँध्नुहोस। गोठ भित्र पशुचौपाया हावाहुरी मेघगर्जन तथा चट्याङले आत्तिने

हुँदा गोठ/ खोरका झ्यालमा पर्दा, बोराले ढाक्ने व्यवस्था मिलाउनुहोस।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | वालकृष्ण अधिकारी | बाली रोग विज्ञ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| २. | डा. शोभा शर्मा | वरिष्ठ पशु विकास अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ३. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ४. | गोविन्द पाण्डे | वरिष्ठ कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ५. | रमेश आचार्य | बाली विकास विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, लुम्ले |
| ६. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ७. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४६ (१८० औं शृङ्खला) अवधिः जेठ २२-२८ सम्म मितिः जेठ २२, २०८३

**गत हप्ता (जेठ १५-२१, २०८३) मौसमी सारांशः**

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि अधिकांश बदली रही साताको अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। तराई भू-भागमा साताको सुरुमा आंशिकदेखि साधारणतया बदली रही साताको मध्य र अन्त्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा, धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताको मध्य र अन्त्यमा थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको। तराई भू-भागमा साताको सुरुमा मेघगर्जन/चट्याङसहित एक-दुई स्थानमा भारी वर्षा सहित धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा हुनुका साथै साताको मध्यमा एक-दुई स्थानमा हल्का वर्षा भएको। कास्की जिल्लाको मालेपाटन केन्द्रमा सबैभन्दा धेरै वर्षा (६२.३ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (१.६ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३८.५ डिग्री सेल्सियस) मापन भएको। प्रदेशभर न्यूनतम र अधिकतम तापक्रम साताको सुरुमा हल्का घटेको र साताको अन्त्यमा हल्का बढेको।

**आगामी हप्ता (जेठ २२-२८, २०८३) को मौसमी परिदृश्यः**

**साताको सुरुः शुक्रबार, शनिबार** **साताको मध्यः आइतबार, सोमबार र मंगलबार** **साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया बदली रही तराई भू-भागमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरु र मध्यमा थोरै स्थान, हिमाली/उच्च पहाडी भू-भागमा साताको अन्त्यमा केही स्थान र पहाडी भू-भागमा धेरै स्थानमा हल्का देखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। तराई भू-भागमा साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताको अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना समेत रहेको। प्रदेशभर अधिकतम तापक्रम साताको सुरु र मध्यमा हल्का बढ्ने, साताको अन्त्यमा हल्का घट्ने र साताभर न्यूनतम तापक्रममा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी | हल्कादेखि मध्यम वर्षा | साताको सुरु र मध्यमा हल्का बढ्ने र साताको | साताभर उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको सम्भावना रहेको | मेघगर्जन/ चट्याङ/ असिना | साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा केही स्थानमा मेघगर्जन/चट्या सहित हल्कादेखि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | अन्त्यमा हल्का घट्ने | | | | मध्यम वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का, मध्यम देखि भारी वर्षाको सम्भावना रहेको | साताको सुरु र मध्यमा हल्का बढ्ने र साताको अन्त्यमा हल्का घट्ने | साताभर उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदली रहने | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरु र मध्यमा थोरै स्थान र साताको अन्त्यमा धेरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताको अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यम वर्षाको सम्भावना रहेको | साताको सुरु र मध्यमा हल्का बढ्ने र साताको अन्त्यमा हल्का घट्ने | साताभर उल्लेखनीय परिवर्तन नहुने | साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदली रहने | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/ चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको |

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि प्राविधिकको सल्लाह बमोजिम नर्सरी व्याड तयार गर्नुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम बगैंचा रेखाङ्कन गरी खाडलको तयारी तथा गुणस्तरीय विरुवाको प्रवन्ध गर्नुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- तापक्रम घट्ने बढ्ने हुँदा रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्।

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सल्लाहः**

**बालीः**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सब १ र मन्सुली सब १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।

- वर्षे धान रोप्नको लागि ३ हप्ता अगाडी नर्सरी ब्याड तयार गरी गुणस्तरीय बीउ छर्नुहोस्। १ रोपनी जग्गाको लागि २५ वर्ग मिटरको दरले ब्याड तयार गरी २.५ केजी बीउ छर्नुहोस्। हिले ब्याडको लागि २ देखि ३ सेमी पानी अडिने गरी सिँचाईको प्रबन्ध मिलाउनुहोस्।

- उच्च पहाडमा बसन्ते मकै लगाउने समय भएकोले गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।

- बसन्ते मकैको बोटको उचाई घुँडाघुँडा आउने अवस्थाको भएपछि अथवा ५ वटा पूर्ण पात निस्किएको अवस्था छ भने झारपात उखेली नाइट्रोजनको सिफारिस मात्राको एक तिहाई भाग (४.३५ केजी प्रति रोपनी) मकै बालीमा प्रयोग गरी उकेरा दिनुहोस्।

- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग देखिएमा रोगी पात र डाँठ नष्ट गरी डाइमेथोमर्फ (५०% डब्लुपी) १.५ देखि २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्ने गरी छर्कनुहोस्।

- लहरे तरकारी बालीमा वेर्ना रोपेको १५-२० दिनमा प्रति बोट १० ग्राम युरियाले टपड्रेस गर्नुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्ड्यू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि ट्राइकोडर्मा हार्जियानम ५ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानी लगायतका बालीमा फेद कुहिने रोगका कारण बोट ओइलाएरा मर्ने समस्या देखिएकोले कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर प्रत्येक विरुवाको फेदको भाग समेत भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस् र १०/१० दिनको फरकमा ४/५ पटक दोहोऱ्याउनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र साबुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा

रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि  आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६० सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल खन्दा देहाय बमोजिमको गर्नुहोस्।

| बालीको नाम | लगाउने दुरी (मिटर) | प्रति रोपनी विरुवा संख्या |
|---|---|---|
| सुन्तला | ५-६x ५-६ | १५-२० |
| कागती | ४-५x ४-५ | २०-३० |
| एभोकाडो | ८-१०x ८-१० | ५-८ |
| लिची | १०x१० | ७-८ |
| आँप | १०-१२x १०-१२(आम्रपालीको लागि ५x५) | ५ (आम्रपाली- २०) |
| चिया | ०.९x ०.६ | ६००-७०० |
| कफी | २-२.५x२-२.५ | ११० |
| केरा | अग्लो जात २-३x२-३ (होचो जात २x२) | ५०-५५ (होचो जात १२५) |
| मेकाडेमिया नट | ७x७ | १०-१२ |

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।
- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।





स्रोत: plantwise.org

चित्र नं. २. लिचीमा सुलसुलेको लक्षण

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको वट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।
- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्टयान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।

- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| पशुवस्तुको प्रजाति | लगाउनुपर्ने खोप |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- तनहुँ जिल्लामा हालसालै बङ्गुरमा "अफ्रिकन स्वाईन फिभर" रोगको संक्रमण पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोतः पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।

• फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग नि:सक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
• बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
• जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
• फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्।

रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।
- स्टाइलो, ज्वाइन्ट भेच, मोलासेस जस्ता बहुवर्षिय घाँसको बीउ छर्ने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।
- डाले घाँसको बिरुवा रोप्ने समय नजिकिएकोले खाडल खन्ने तयारी गर्नुहोस्।
- यस मौसममा लामखुट्टे र झिँगाको वृद्धि भई पशुपन्छीमा वाहकजन्य रोगको जोखिम बढ्ने भएकाले खोरगोठ तथा वरिपरि सफा राख्नुहोस्।
- प्रि-मन्सुनमा दिउँसो र साँझ हावाहुरी मेघगर्जन तथा चट्याङको सम्भावना बढी भएकाले मध्यान्न पछि पशुचौपायालाई जङ्गलमा चराउन नलैजानुहोस र गोठबाहिर नबाँध्नुहोस। गोठ भित्र पशुचौपाया हावाहुरी मेघगर्जन तथा चट्याङले आत्तिने हुँदा गोठ/ खोरका झ्यालमा पर्दा, बोराले ढाक्ने व्यवस्था मिलाउनुहोस।
- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको

दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्। ।

- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | शालिकराम अधिकारी | बाली रोग विज्ञ | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| २. | डा. शम्भु पाण्डे | वरिष्ठ पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| ३. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ४. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ५. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | अनुपम उप्रेती | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**

वर्ष-४, अङ्क-४७ (१८१ औं शृङ्खला) अवधिः जेठ २९-असार ०४ सम्म मितिः जेठ २९, २०८३

## गत हप्ता (जेठ २२-२८, २०८३) मौसमी सारांशः

**साप्ताहिक कुल वर्षाः** हिमाली/उच्च पहाडी र पहाडी भू-भागमा साताको सुरु र मध्यमा आंशिकदेखि साधारणतया बदली रही साताको अन्त्यमा आंशिकदेखि आधिकांश बदली भएको। तराई भू-भागमा साताको सुरु र मध्यमा मौसम मुख्यतया सफादेखि आंशिक बदली रही साताको अन्त्यमा आंशिकदेखि साधारणतया बदली भएको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा/हिमपात भएको। पहाडी भू-भागमा साताको सुरुमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षा र धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको। तराई भू-भागमा साताको सुरु र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षा, साताको मध्यमा मेघगर्जन/चट्याङसहित एक-दुई स्थानमा भारी वर्षा र धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको। नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कीबास केन्द्रमा सबैभन्दा धेरै वर्षा (७२.२ मिलिमिटर) मापन भएको।

**साप्ताहिक तापक्रमः** मनाङ जिल्लाको हुम्डे केन्द्रमा सबैभन्दा कम तापक्रम (४.५ डिग्री सेल्सियस) र नवलपरासी (ब.सु.पू.) जिल्लाको दुम्कौली केन्द्रमा सबैभन्दा बढी तापक्रम (३८.५ डिग्री सेल्सियस) मापन भएको। पहाडी भू-भागमा साताको अन्त्यमा अधिकतम तापक्रम हल्का घटेको र प्रदेशभर साताको सुरुमा न्यूनतम तापक्रम हल्का बढेको।

## आगामी हप्ता (जेठ २९-असार ०४, २०८३) को मौसमी परिदृश्यः

**साताको सुरुः शुक्रबार, शनिबार साताको मध्यः आइतबार, सोमबार र मंगलबार साताको अन्तिमः बुधबार र बिहीबार**

**मौसमी अवस्थाको सारांशः** हिमाली/उच्च पहाडी तथा पहाडी भू-भागमा साताभर आंशिकदेखि साधारणतया रही तराई भू-भागमा मौसम मुख्यतया सफादेखि आंशिक बदलीको सम्भावना रहेको। हिमाली/उच्च पहाडी भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा/हिमपातको सम्भावना रहेको। पहाडी भू-भागमा साताको सुरुमा धेरै स्थान, साताको मध्यमा केही स्थान र साताको अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। तराई भू-भागमा साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको। पहाडी तथा तराई भू-भागमा साताको सुरुमा एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित भारी वर्षाको सम्भावना रहेको। पहाडी भू-भागमा साताभर र तराई भू-भागमा साताको सुरु र मध्यमा हावाहुरीको सम्भावना रहेको। पहाडी तथा तराई भू-भागमा अधिकतम र न्यूनतम तापक्रम हल्का बढ्ने तथा हिमाली/उच्च पहाडी भू-भागमा उल्लेखनीय परिवर्तनको सम्भावना नरहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्च पहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, | हल्कादेखि मध्यम वर्षा | उल्लेखनीय परिवर्तन नहुने | उल्लेखनीय परिवर्तन नहुने | साताभर आंशिकदेखि साधारणतया बदलीको | मेघगर्जन/ चट्याङ/ असिना | साताभर थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन न.पा., निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | | | | सम्भावना रहेको | | वर्षा/हिमपातको सम्भावना रहेको |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | हल्का,मध्यम /भारी वर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताभर आंशिकदेखि साधारणतया बदली रहने | मेघगर्जन/ चट्याङ/ हावाहुरी/ असिना | साताको सुरुमा धेरै, मध्यमा केही र अन्त्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ सहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रही साताको सुरुमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना समेत रहेको |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | हल्का, मध्यम/भारी वर्षाको सम्भावना रहेको | हल्का बढ्ने | हल्का बढ्ने | साताभर मौसम मुख्यतया सफा देखि आंशिक बदली रहने | मेघगर्जन/ चट्याङ, हावाहुरी, असिना | साताभर थोरै स्थानमा मेघगर्जन/ चट्याङसहित हल्कादेखि मध्यम वर्षा, साताको सुरुमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
## Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- वर्षे धान रोप्नका लागि प्राविधिकको सल्लाह बमोजिम नर्सरी व्याड तयार गर्नुहोस्।
- वर्षे तथा सुन्तलाजात फलफुल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा प्राविधिकको सल्लाह बमोजिम बगैंचा रेखाङ्कन गरी खाडलको तयारी तथा गुणस्तरीय विरुवाको प्रवन्ध गर्नुहोस्।
- सुन्तलाजात फलफूल बालीमा फल कुहाउने औंसा किरा व्यवस्थापनको लागि नियमित प्रोटिन बेट छर्कनुहोस्।
- फलफूल बालीमा बोटको वरपर पानी जम्न नदिन प्राविधिकको सल्लाह बमोजिम गर्नुहोस्।
- वर्षायाममा पोखरीको डिल तथा वरपर धेरै झारपात आउने र सर्प पनि आउने हुँदा झारपात हटाई पोखरी सफा राख्नुहोस् र सर्प नियन्त्रणको लागि पासोको थाप्नुहोस्।
- स्टाइलो, ज्वाइन्ट भेच, मोलासेस जस्ता बहुवर्षिय घाँसको बीउ छर्ने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

**कृषि सल्लाहः**

**बालीः**

- वर्षे धानको लागि देहाय बमोजिमका सिफारिस जातको गुणस्तरीय बीउको व्यवस्था मिलाउनुहोस्।

| क्र.सं. | क्षेत्र | सिफारिस जात |
|---|---|---|
| १ | मध्य पहाड | ➢ खुमल-४, खुमल-८, खुमल-१०, खुमल-११, खुमल-१३, खुमल-१६ (वास्मती), खुमल-१८<br>➢ घैया धानको लागिः घैया-१, घैया-२<br>➢ छरुवाको लागि उपयुक्त जातः खुमल-४, खुमल-८, खुमल-१० |
| २ | तराई, भित्री मधेश तथा तल्लो पहाडी बेंसी | ➢ सिंचित क्षेत्रको लागिः बहुगुणी धान १, बहुगुणी धान २, हर्दिनाथ २, मिथिला, रामपुर मन्सुली, सावित्री, रामधान, मकवानपुर १, लोकतन्त्र, लल्का बास्मती, राधा ४, राधा १३, राधा १४ |
| ३ | पहाड तथा तराई | ➢ असिंचित तथा सुख्खा क्षेत्रको लागिः सुख्खा धान १, सुख्खा धान २, सुख्खा धान ३, सुख्खा धान ४, सुख्खा धान ५, सुख्खा धान ६, तरहरा, हर्दिनाथ २<br>➢ आकस्मिक डुबान क्षेत्रको लागि उपयुक्त जातः स्वर्ण सव १ र मन्सुली सव १ |

- पोखरा उपत्यका तथा आसपासका क्षेत्रका लागि रैथाने जात (सुधारिएको जेठोबुढो, एक्ले, रातो अनदि, वयर्नी, लाल अनदि, कालो पात्ले) को व्यवस्था मिलाउनुहोस्।
- आगामी मनसुन ऋतुमा सरदरभन्दा कम वर्षा हुने पूर्वानुमान भएको हुँदा सुख्खा सहन सक्ने धानका जातलाई प्राथमिकता दिनुहोस्।
- धानबालीमा खाद्यत्तव व्यवस्थापन र माटो सुधारको लागि बाली नलगाइएको खेतमा हरियो मलको रुपमा ढैंचा, सनइ,

मुग आदि लगाई धान लगाउनु पूर्व माटोमा मिलाउनुहोस्।

- वर्षे धान रोप्नको लागि ३ हप्ता अगाडी नर्सरी ब्याड तयार गरी गुणस्तरीय बीउ छर्नुहोस्। १ रोपनी जग्गाको लागि २५ वर्ग मिटरको दरले ब्याड तयार गरी २.५ केजी बीउ छर्नुहोस्। हिले ब्याडको लागि २ देखि ३ सेमी पानी अडिने गरी सिँचाईको प्रबन्ध मिलाउनुहोस्। नर्सरी वेर्नामा खाद्यतत्वको कमी देखिएमा प्राविधिकको सल्लाह बमोजिम १० ग्राम युरिया र ६ ग्राम डिएपी प्रति वर्ग मिटरको दरले छर्नुहोस्।

- उच्च पहाडमा बसन्ते मकै लगाउने समय भएकोले गणेश-१, गणेश-२, गणेश-३ जातका गुणस्तरीय बीउ रोप्नुहोस्।

- बसन्ते मकैको बोटको उचाई घुँडाघुँडा आउने अवस्थाको भएपछि अथवा ५ वटा पूर्ण पात निस्किएको अवस्था छ भने झारपात उखेली नाइट्रोजनको सिफारिस मात्राको एक तिहाई भाग (४.३५ केजी प्रति रोपनी) मकै बालीमा प्रयोग गरी उकेरा दिनुहोस्।

- कोदो ब्याड राख्ने समय भएकोले रोपनीको ५०० ग्रामको दरले सिफारिस जातको उन्नत बीउको प्रयोग गर्नुहोस्। गण्डकी प्रदेशको तराई र भित्री मधेशमा डल्ले-१, मध्य पहाडमा ओख्ले-१, डल्ले-१, काब्रे कोदो-१, काब्रे कोदो-२ र उच्च पहाडमा सैलुङ कोदो-१ बीउको चयन गर्नुहोस्।

- खेतबारीका अवशेषहरुलाई बारीको छेउमा जलाउने, घर वरिपरिको सामुदायिक तथा कृषि वनमा नियन्त्रित आगो लगाउने प्रयासहरुलाई निरुत्साहित गर्नुहोस्। बालीका अवशेषलाई कम्पोष्टिङ्ग गर्ने वा जोतेर खेतबारीमा मिलाउनाले माटोमा कार्वनको स्थिरीकरण भई प्राङ्गारिक पदार्थको मात्रामा वृद्धि हुने हुँदा अवशेषलाई नजलाउनुहोस्।

- उच्च पहाडमा लगाइएको आलुमा डढुवा रोग देखिएमा रोगी पात र डाँठ नष्ट गरी डाइमेथोमर्फ (५०% डब्लुपी) १.५ देखि २ ग्राम प्रति लिटर पानीको दरले बोट भिज्ने गरी छर्कनुहोस्।

- लहरेबालीमा क्षति पुऱ्याउने रातो खपटेको व्यवस्थापनका लागि यदि थोरै संख्यामा छ भने सम्भव भएसम्म खपटे किरालाई टिपेर नष्ट गर्नुहोस्। विषादी प्रयोग गर्नैपर्ने अवस्थामा मालाथियन (५०% ईसी) २ मिलिलिटर प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- काक्रो, फर्सीको डाउनी मिल्डयू व्यवस्थापनको लागि रोगको प्रकोप बढ्दै गएको खण्डमा मेन्कोजेब ६४% + मेटल्याक्सिल ८% विषादी २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर १० दिनको फरकमा पुरै बोट भिज्ने गरी ३ पटकसम्म छर्कनुहोस्।

- गोलभेंडा, भण्टा, खुर्सानी जस्ता फल तरकारी बालीमा बढी खाद्यतत्व आवश्यक पर्ने हुनाले फल टिपेको हरेक १५-२० दिनको फरकमा युरिया मल १० ग्राम प्रति बोटका दरले टपड्रेस गर्नुहोस् र सुक्ष्म खाद्यतत्वयुक्त झोल ३ मिलिलिटर प्रति लिटर पानीमा घोलेर छर्कनुहोस्।

- भण्टा, खुर्सानी, गोलभेडा लगायतका तरकारी बालीको नर्सरीमा वेर्ना कुहिने रोग नियन्त्रणको लागि ट्राइकोडर्मा हार्जियानम ५ ग्राम प्रति लिटर पानीको दरले घोल बनाई माटो भिज्ने गरी छर्कनुहोस्।

- खुर्सानी लगायतका बालीमा फेद कुहिने रोगका कारण बोट ओइलाएरा मर्ने समस्या देखिएकोले कपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीको दरले मिसाएर प्रत्येक विरुवाको फेदको भाग समेत भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस् र १०/१० दिनको फरकमा ४/५ पटक दोहोऱ्याउनुहोस्।

- सिमीको स्क्लेरोटिनिया सडनको व्यवस्थापनको लागि कार्बेन्डाजिम ५०% डब्लुपी १.५ ग्राम प्रति लिटर पानीको दरले मिसाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्।

- गोलभेंडामा टुटा किराको अनुगमनका लागि ओटा-टी ट्रयापमा टि.एल.एम.ल्यूर र सावुन पानीमा ५ थोपा तेलको प्रयोग गर्नुहोस्। किराको समस्या देखिएमा किराले नोक्सान पुऱ्याएका पात, मुना तथा फलहरु सङ्कलन गरी नष्ट गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एससी) १ मिलिलिटर वा स्पिनोस्याड (४५% एससी) १ मिलिलिटर प्रति ३ लिटर पानीका दरले मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्कनुहोस्। एउटै विषादी लगातार प्रयोग गर्दा किरामा विषादी पचाउन सक्ने क्षमता विकास हुँदैजाने हुनाले आलोपालो गरी विषादी छर्कनुहोस्।

- कागती बगैंचामा क्यांकर रोग (खटिरा) को व्यवस्थापनको लागि खटिराका लक्षण देखिएका सबै हाँगा, पातहरु हटाई जलाउनुहोस्। बाँकी बोटलाई कपर अक्सिक्लोराइड २ ग्राम र कासुगामाइसिन २ मिलिलिटर प्रति १ लिटर पानीका दरले मिसाई १५ दिनको फरकमा छर्कनुहोस्।

- सुन्तलाजात फलफूलको मसिनो हाँगामा Felt disease (फेल्ट रोग) वा पिंक रोग देखिएको छ भने त्यस्ता हाँगाहरुमा रोग लागेको स्थान भन्दा तलबाट काटेर नष्ट गर्नुहोस् र १.५% को बोर्डोमिश्रण बनाएर पुरै बोट भिज्ने गरी छर्कनुहोस्। यदि रोग लागेको हाँगा मोटो छ भने रोग लागेको ठाँउमा जुटको बोराले राम्रोसँग रगड्ने र सोही स्थानमा १०% को बोर्डोपेष्ट तयार गरी पोत्नुहोस्।

- सुन्तलाजात फलफूल बालीमा फल कुहाउने औंसा किरा (Chinese citrus fly) व्यवस्थापनको लागि नियमित रुपमा प्रोटिन बेट छर्कनुहोस्। प्रोटिन बेट छर्कदा एक भाग विषादीयुक्त तयारी प्रोटिन बेटमा दुई भाग पानी मिसाई हरेक तीन बोट मध्ये एक बोटको तल्लो हाँगाको एक वर्ग मिटर क्षेत्रफलमा पातहरु राम्ररी भिज्नेगरी १० दिनको फरकमा छर्कनुहोस्।

- फलफूल बालीमा जरा तथा फेद कुहिने समस्या देखिएमा कुहिएका जरा काटेर हटाई ट्राइकोडर्मा भिरिडी वा स्यूडोमोनास फ्लोरसेन्स १० ग्राम प्रति लिटर पानीका दरले घोल बनाई ५-१० लिटर (बोटको उमेर अनुसार) जराको वरिपरि २ पटक राख्नुहोस्।

- नियमित व्यवस्थापन नभएका स्याउको बोटमा बोक्रा पातलो भई खुइलिने, घाउ वा दाद जस्तो हुने लक्षण देखिएमा ढुसीबाट लाग्ने Papery bark हुन सक्छ। रोग लागेको भाग काटेर संकलन गरी जलाउने गर्नुहोस्। रोग नियन्त्रणका लागि रोगग्रस्त भागमा जुटको बोराले रगडेर ठूला हाँगामा १०% को बोर्डोपेष्ट लगाउनुहोस्।

- वर्षे तथा सुन्तलाजात फलफूल बिरुवा रोप्ने समय नजिकिएकोले बिरुवा रोप्ने स्थानमा बगैंचा रेखाङ्कन (समथर जमिनमा वर्गाकार, षट्कोणाकार र भिरालो जमिनमा कन्टुर/समउच्च पद्धति) गरी बेर्ना रोप्ने सिफारिस दुरी अनुसार १ मि ×१ मि×१ मि आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। चिया, कफी र केराको लागि ६० सेमी × ६० सेमी × ६०

सेमी आयतनको खाडल खन्ने व्यवस्था मिलाउनुहोस्। खाडल खन्दा देहाय बमोजिमको गर्नुहोस्।

| बालीको नाम | लगाउने दुरी (मिटर) | प्रति रोपनी बिरुवा संख्या |
|---|---|---|
| सुन्तला | ५-६x ५-६ | १५-२० |
| कागती | ४-५x ४-५ | २०-३० |
| एभोकाडो | ८-१०x ८-१० | ५-८ |
| लिची | १०x१० | ७-८ |
| आँप | १०-१२x १०-१२(आम्रपालीको लागि ५x५) | ५ (आम्रपाली- २०) |
| चिया | ०.९x ०.६ | ६००-७०० |
| कफी | २-२.५x२-२.५ | ११० |
| केरा | अग्लो जात २-३x२-३ (होचो जात २x२) | ५०-५५ (होचो जात १२५) |
| मेकाडेमिया नट | ७x७ | १०-१२ |

- केरामा लाग्ने घुन (Banana stem weevil) को समस्या भएका बोटको फेद वरिपरि केराको थामलाई ८-१० ईन्चको टुक्रा काटेर पासोको रुपमा राख्नुहोस्। यसरी राखेको पासोको दैनिक अवलोकन गरी जम्मा भएका किराहरुलाई हातले टिपेर नष्ट गर्नुहोस्। रासायनिक विषादीको प्रयोग गर्नुपर्ने अवस्थामा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २० ग्राम प्रति बोट फेदको वरिपरि माटोमा प्रयोग गर्नुहोस् वा कार्टाप हाईड्रोक्लोराईड (४% जीआर) २ ग्रामका दरले किरा लागेका बोटहरुको गुभोमा राख्नुहोस्।

- लिचीमा सुलसुले (Litchi mite) को आक्रमण भएमा पात गुजुमुज्ज हुने, दोब्रिने र खैरो मखमल (Brown velvety growth) जस्तो लक्षण देखा पर्ने हुनाले लक्षण देखा परेका पातहरु टिपेर नष्ट गरी प्रोपरजाइट ५७% इसी विषादी ३ मिलिलिटर प्रति लिटर पानीमा मिसाएर बोट भिज्ने गरी ७ दिनको फरकमा २-३ पटक छर्कनुहोस्।



स्रोतः plantwise.org

चित्र नं. २. लिचीमा सुलसुलेको लक्षण

- विषादी विष हो, औषधी होइन। त्यसैले प्राविधिकको सल्लाह बमोजिम सुरक्षित पोशाक लगाएर मात्र विषादीको प्रयोग गर्नुहोस्। विषादीको प्रयोग गरी सकेपछि अनिवार्य रुपमा पर्खनुपर्ने समयावधिको पालना गर्नुहोस्। जीवनाशक विषादी खरिद गर्नुपूर्व विषादीको बट्टा/खोलमा उल्लेख गरिएको म्याद सकिने मिति तथा अन्य सूचना ध्यानपूर्वक अध्ययन गर्नुहोस्।सकभर फूल फूल्ने समयमा मौरी लगायत अन्य परागसेचनकर्तालाई असर गर्ने विषादी प्रयोग नगर्नुहोस्।
- डढेलो/आगलागीका घटना घट्न सक्ने हुँदा चनाखो रहनुहोस्। साथै, सम्भव भएसम्म डढेलो नियन्त्रणका लागि सुरक्षित घेरा बनाउने र अन्य आवश्यक पूर्व तयारी गर्नुहोस्।

- प्रतिकूल मौसम तथा प्राकृतिक विपद्का कारण बालीनाली, मौरी, च्याउ तथा पशुपन्छी एवम् मत्स्य क्षेत्रमा हुनसक्ने आर्थिक क्षतिको सुरक्षाका लागि समयमै बिमा गर्नुहोस्।

- माटोको दिगो व्यवस्थापन तथा उर्वराशक्ति वृद्धिका लागि प्राङ्गारिक मल तथा रासायनिक मलको सन्तुलित प्रयोग र माटो परीक्षण प्रतिवेदनको सिफारिस बमोजिम माटो सुधारका लागि आवश्यक वस्तु प्रयोग गर्नुहोस्।

**पशुपन्छी तथा मत्स्यः**

- गाईभैंसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र, बाख्रामा १२ देखि ३६ घण्टाभित्र र बंगुरमा स्ट्यान्डिङ हिट (standing heat) आएको बेलामा प्रजनन् गराउनुहोस्।

- भेडाबाख्रा र कहिलेकाही बंगुरको पाठापाठी तुहिने तथा मृत पाठापाठी जन्मिने समस्या देखिएमा टोक्सोप्लाज्मोसिस रोगको लक्षण हुनसक्ने भएकोले तुहिएको वस्तु र सालनाल सावधानीपूर्वक खाडल खनी गाड्नुहोस् र नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। साथै, यस रोग मानिसमा पनि सर्ने भएकोले सावधानी अपनाउनुहोस्।

- विशेष गरी गाईभैंसीमा नाम्ले र भेडाबाख्रामा नाम्ले, माटे, हेमोङ्कस, फित्ते जुका जस्ता आन्तरिक परजीवीहरुको प्रकोप नियन्त्रणका लागि समय समयमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा गोबर/जुतो जाँच गराई पशु चिकित्सकको सल्लाह अनुसार परजीवी विरुद्धको औषधी खुवाउनुहोस्। खोरभित्र र बाहिर सरसफाईमा विशेष ध्यान दिनुहोस्।

- खुर फाटेका जनावरमा ज्वरो आउने, खुरको बीच र माथिल्लो भाग, जिब्रो, ओठ, मुख र थुनमा फोका आउने, फोका फुटेर घाउ हुने भएमा खोरेत रोग लागेको हुनसक्छ। यस्तो समस्या देखा परेमा नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराई उपचारको व्यवस्था मिलाउनुहोस्।

- भेडाबाख्रा लगायत अन्य पशुमा बाह्य परजीवीको संक्रमण अत्याधिक हुने भएकोले यदि बाह्य परजीवी जस्तै जुम्रा, किर्ना, सुलसुले आदि देखिएमा साइपरमेथ्रिन (१०% एमएम) : २ मिलिलिटर प्रति लिटर वा ट्राइजोफस (४०% एमभी) ३ मिलिलिटर प्रति १० लिटर वा एमिटराज (१२.५% एमभी) २ मिलिलिटर प्रति लिटर पानीको दरले आवश्यक मात्रामा पशु चिकित्सक वा पशु स्वास्थ्य प्राविधिकको सल्लाह बमोजिम झोल बनाई ३० देखि ६० सेकेण्डसम्म डिपिङ (झोलमा डुबाउने) वा स्प्रे गर्नुहोस्। सो झोलको प्रयोग गर्दा निम्न सावधानी अपनाउनुहोस्।
- बिरामी, कमजोर, पाठापाठी र गर्भवतीलाई प्रयोग नगर्नुहोस् र पाठापाठीलाई दूध चुस्न नदिनुहोस्।
- सो झोल प्रयोग गर्ने बेलामा खाने पिउने कार्य नगर्नुहोस्। प्रयोग गर्ने व्यक्तिले आँखा, नाक र मुखमा पस्नबाट जोगिने उपायहरु अवलम्बन गर्नुहोस्। प्रयोग गरिएको पशुको मासु कम्तीमा ७ दिनसम्म खान को लागि प्रयोग नगर्नुहोस्।
- बाँकी रहेको झोललाई पानीको मुहानमा नमिसिने गरी उचित व्यवस्थापन गर्नुहोस्।

- रेविज एक प्राणघातक जुनोटिक रोग भएको र मानिसमा लाग्ने ९९ प्रतिशत रेविज रोग कुकुरको टोकाइबाट हुने गरेकोले सबै घरपालुवा कुकुर र बिरालोलाई रेविज विरुद्ध खोप लगाउनुहोस्। सामुदायिक तथा छाडा कुकुरहरुलाई समेत खोप लगाउन नजिकको पशु सेवा शाखा वा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालयमा आवश्यक समन्वय गर्नुहोस्।

- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट बचाउन गोठ सफा राख्ने र दूध दुहेपछि १:९ को अनुपातमा ग्लिसेरिन र पोभिडोन आयोडिन मिसाई बनाएको झोलमा ३० सेकेण्डसम्म थुन चोपल्नुहोस् र कम्तीमा १५ मिनेटसम्म पशुलाई उभ्याइराख्न घाँसदाना दिने व्यवस्था मिलाउनुहोस्।

- पशुपन्छीलाई खुवाउने दानालाई ओसिलोपनाबाट जोगाउन त्रिपाल वा प्लाष्टिकको प्रयोग गरी जमिनभन्दा माथि काठको फलेक ओछ्याएर भण्डारण गर्नुहोस्।

- पशुपन्छीमा महामारी रोगका विरुद्ध देहाय बमोजिमका खोप लगाउनुहोस्। पशु खरिद गरी ल्याउँदा समेत उल्लिखित खोपहरु लगाएको सुनिश्चित गर्नुहोस्।

| **पशुवस्तुको प्रजाति** | **लगाउनुपर्ने खोप** |
|---|---|
| गाई, भैंसी, याक, चौरी | खोरेत (FMD), भ्यागुते र चरचरे (H.S & B.Q), लम्पी स्कीन रोग (LSD) |
| भेडा र बाख्रा | पि.पि.आर. (PPR) |
| बंगुर | हैजा (C.S.F), खोरेत (FMD) |
| स्थानीय कुखुरा | रानीखेत (N.D), फावल पक्स (Fowl Pox) |
| कुकुर र बिरालो | रेविज (ARV), डि.एच.पि.पि.एल. (DHPPL) |

- तनहुँ जिल्लामा हालसालै बङ्गुरमा “अफ्रिकन स्वाईन फिभर” रोगको संक्रमण पुष्टि भएकोले उच्च सतर्कता अपनाउनुहोस्। यस रोग लाग्दा उच्च ज्वोरो आउने, शरीरमा निलो धब्बा देखिने, बङ्गुर एकै ठाउँमा झुम्मिएर बस्ने, छेर्ने, उच्च संक्रमण दर तथा सत प्रतिशतसम्म मृत्युदर हुने, रोकथामका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

- अफ्रिकन स्वाईन फिभर देखिएका स्थानमा कृषकले देहाएका विषयमा ध्यान पुऱ्याउनुहोस्।
- फार्ममा प्रवेश गर्नु पूर्व कृषकले राम्रोसँग नि:सक्रमण गरेर मात्र प्रवेश गर्नुहोस्।
- बङ्गुरलाई खेर गएका खानेकुरा खुवाउनेले कम्तीमा आधा घण्टा उमालेर मात्र खुवाउनुहोस्।
- जङ्गली बङ्गुर/बँदेल र घरपालुवा बङ्गुर सिधा सम्पर्कमा आउन नदिने व्यवस्था गर्नुहोस्।
- फार्ममा जैविक सुरक्षा कडा गरी मानिस तथा सवारी साधनको अनावश्यक आवत-जावतमा रोक लगाउनुहोस्। रोगी बङ्गुरको बिक्री वितरण नगर्नुहोस्।



चित्र नं ३ अफ्रिकन स्वाईन फिभरको लक्षण देखिएको बंगुर
श्रोत: पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, पोखरा

- एन्टीबायोटिकले उपचार गरिरहेको पशुको दूध र मासु एन्टीबायोटिकको प्रकृति हेरी withdrawl period लाई ध्यानमा राखी दूध र मासु बिक्री वितरण गर्नुहोस्।

- स्टाइलो, ज्वाइन्ट भेच, मोलासेस जस्ता बहुवर्षिय घाँसको बीउ छर्ने समय भएकोले बीउको व्यवस्था गरी आफ्नो खेतबारीमा घाँस खेती गर्नुहोस्।

- डाले घाँसको बिरुवा रोप्ने समय नजिकिएकोले खाडल खन्ने तयारी गर्नुहोस्।

- यस मौसममा लामखुट्टे र झिँगाको वृद्धि भई पशुपन्छीमा वाहकजन्य रोगको जोखिम बढ्ने भएकाले खोरगोठ तथा वरिपरि सफा राख्नुहोस्।

- प्रि-मन्सुनमा दिउँसो र साँझ हावाहुरी मेघगर्जन तथा चट्याङको सम्भावना बढी भएकाले मध्यान्न पछि पशुचौपायालाई

जङ्गलमा चराउन नलैजानुहोस र गोठबाहिर नबाँध्नुहोस। गोठ भित्र पशुचौपाया हावाहुरी मेघगर्जन तथा चट्याङले आत्तिने हुँदा गोठ/ खोरका झ्यालमा पर्दा, बोराले ढाक्ने व्यवस्था मिलाउनुहोस।

- पोखरीमा नयाँ माछाको भुरा छोड्दा भरपर्दो तथा दर्ता प्राप्त ह्याचरीबाट रोगरहित भुरा मात्र खरिद गर्नुहोस्। भुरा पोखरीमा हाल्नु अघि भुरा रहेको प्लास्टिक ब्यागलाई २०-३० मिनेटसम्म नखोली पोखरीको पानीमा तैरिन छोड्नुहोस्। पोखरीको पानी र प्लास्टिक ब्यागभित्रको पानीको तापक्रम समान भएपछि मात्र भुरालाई बिस्तारै पोखरीमा छोड्नुहोस्।
- तापक्रम बढ्न सुरु भएकोले पोखरीको पानीको pH (६.५—८.५), पारदर्शिता र घुलनशील अक्सिजनको अवस्था नियमित रूपमा निगरानी गर्नुहोस्। आवश्यक भएमा प्रति रोपनी २०—२५ केजी चुना प्रयोग गरी पोखरीको पानी सन्तुलनमा राख्नुहोस्।
- भुरा छोडेको २-३ दिनपछि ३०—३५% प्रोटिनयुक्त दाना बिस्तारै दिन सुरु गर्नुहोस्। माछाको तौल अनुसार दैनिक शरीर तौलको ३-५% का दरले दाना दिनु उपयुक्त हुन्छ। दाना बिहान र साँझ दुई पटक खुवाउनुहोस्।
- पोखरीमा नयाँ भुरा छोड्ने समय भएकोले कार्प प्रजातिका फिङ्गरलिङ साइजका भुरा खरिद गरी मल र चुना हालेर तयार गरिएको पोखरीमा छोड्नुहोस्।
- अबका दिनमा तापक्रमको उतारचढावका कारण रोगको जोखिम बढ्न सक्ने भएकाले माछाको गतिविधि, खानपान र स्वास्थ्य अवस्थाको दैनिक अवलोकन गर्नुहोस्। कुनै असामान्य लक्षण देखिएमा तुरुन्त मत्स्य प्राविधिकसँग सम्पर्क गर्नुहोस्।
- गर्मी तथा वर्षा याममा माछाका जुम्रा, अंकुशे किरा जस्ता परजिवीको संक्रमण बढ्ने भएकोले पोखरी सफा राख्ने र पोखरीमा परजिवीले अण्डा पार्न सक्ने स-साना हाँगा, डोरी जस्ता वस्तुलाई तुरुन्तै पोखरीबाट हटाउनुहोस्।
- रेन्बो ट्राउट माछाका लागि प्रति केजी शारिरिक तौलको ०.८-१.२ प्रतिशत को दरमा ४०-४५ प्रतिशत प्रोटिन भएको दाना प्रयोग गर्नुहोस् र प्रत्येक १५ दिनमा माछाको वृद्दि जाँच गर्नुहोस्।।
- बादल लागेको अवस्थामा पोखरीमा अक्सिजन कमि हुन सक्ने सम्भावना भएकोले सो अवस्थामा पोखरीमा तुरुन्त एरेटर चलाउने र त्यस्ता दिनमा माछालाई दाना दिन बन्द गर्नुहोस्।
- वर्षायाममा रेन्बो ट्राउट माछाको रेसवेमा पानी धमिलो आउन सक्ने हुँदा धमिलो पानी आएमा माछालाई हप्ताको २ पटक नुनपानीले सफा गर्नुहोस्।
- वर्षायाममा पोखरीको डिल तथा वरपर धेरै झारपात आउने र सर्प पनि आउने हुँदा झारपात हटाई पोखरी सफा राख्नुहोस् र सर्प नियन्त्रणको लागि पासोको थाप्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १. | डा. शम्भु राज पाण्डे | वरिष्ठ पशु विकास अधिकृत | पशुपन्छी अनुसन्धान, विकास तथा प्रशिक्षण केन्द्र, पोखरा |
| २. | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, पोखरा |
| ३. | शुष्मा मरहट्टा | बाली संरक्षण विज्ञ | कृषि व्य.प्र.प्रशिक्षण तथा स्रोत केन्द्र, पोखरा |
| ४. | सन्तोष भट्टराई | मेटेरियोलोजिष्ट | पोखरा अन्तरार्ष्ट्रिय विमानस्थल हवाई मौसम केन्द्र, पोखरा |
| ५. | बीना पराजुली | कृषि प्रसार अधिकृत | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, पोखरा |
| ६. | मिलन आचार्य | बाली विकास अधिकृत | प्रदेश कृषि प्रयोगशाला, पोखरा |
| ७. | जेनी श्रेष्ठ | वरिष्ठ कार्यक्रम अधिकृत | ली-बर्ड, पोखरा |